# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क ३३ पूर्णाङ्क १३१ | २०७५ माघ २८ गते सोमबार | Monday, Feb. 11, 2019 | पृष्ठ ८ | मूल्य रु. १०|-


## जनयुद्धका सहिदहरूलाई तत्काल ‘सहिद’ घोषणा गर्न राज्यसँग माग

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट सहिद तथा बेपत्ता योद्धा परिवार समाज, नेपालले एक वक्तव्य जारी गरी वर्तमान राज्यले जनयुद्धका महान सहिदहरूको घोर अपमान गरी जनयुद्धका क्रममा मारिएका सेना, प्रहरीहरूलाई सहिद घोषणा गर्ने रवैयाप्रति आपत्ति प्रकट गर्दै परिवर्तनका बाहक महान सहिदरुलाई राज्यको तर्फबाट तत्काल ‘सहिद’ घोषणा गर्न जोडदार माग गरेको छ ।

समाजका संयोजक दिनेश शर्मा‌ले निकालेको वक्तव्यमा जनयुद्धका क्रममा राज्यले बेपत्ता बनाएका योद्धाहरूको छानबिन गरी सत्य, तथ्य बाहिर ल्याउन गठित आयोगको काममा ढिला सुस्ती हुनुमा स्वयम् सरकार जिम्मेवार रहेको ठहर गरिएको छ । वक्तव्यमा सरकारको उक्त रवैयाको घोर विरोध गर्दै तदारुकताका साथ ...बाँकी ४ पेजमा

# २४औं जनयुद्ध दिवसमा

# क्रान्तिकारी माओवादीको देशैभर ‘रेड मार्चपास’



*‘जनयुद्धले गम्भीर धक्का खाए पनि जनताका त्याग, वीरता र बलिदानका उत्कृष्ट मूल्यहरू खेर गएको छैन र तिनले भावी क्रान्तिका निम्ति अनन्त ऊर्जा प्रदान गरेका छन् ।’*

● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेपालमा नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा गर्ने ऐतिहासिक दायित्वबोधसहित त्यसको तयारी गरिरहेको नेकपा (क्रान्तिकारी माओवादी)ले यही उद्देश्य प्राप्तिका लागि भएको दशवर्षे महान् जनयुद्धको २४ औं दिवसको अवसरमा देशैभर ‘रेड मार्चपास’ गर्ने तयारी गरेको छ । दशवर्षे जनयुद्ध र झापा विद्रोह समेतको सच्चा उत्तराधिकारीको रूपमा आफूलाई प्रस्तुत गर्दै आएको क्रान्तिकारी माओवादीले गर्ने भनेको यो ‘रेड मार्चपास’लाई विशेष महत्वका साथ हेरिएको छ ।

प्राप्त जानकारी अनुसार क्रान्तिकारी माओवादी ३ नं. प्रदेशले उपत्यकाका तीनवटा जिल्ला ...बाँकी ७ पेजमा



## अब जनविद्रोहमार्फत् नयाँ जनवादी व्यवस्था ल्याउँछौं : प्रतीक

### *क्रान्तिकारी माओवादी झापाको सम्मेलन सम्पन्न, ५१ सदस्यीय जिल्ला कमिटि निर्माण*




झापा । नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समितिले जनविद्रोहमार्फत् मुलुकमा नयाँ जनवादी व्यवस्था ल्याउने कुरा गरेका छन् । पार्टी झापा जिल्लाको दोस्रो सम्मेलन उद्घाटन गर्दै नेता ...बाँकी ४ पेजमा

## क्रान्तिकारी युवा लिग ४ नं. प्रदेशको प्रशिक्षण सुरु




पोखरा । नेकपा (क्रान्तिकारी माओवादी) को युवा संगठन क्रान्तिकारी युवा लिग, नेपाल (आरवाइएल) ४ नं. प्रदेशको वैचारिक तथा राजनीतिक प्रशिक्षण कार्यक्रम सुरु भएको छ । पार्टीका स्थायी कमिटि सदस्य तथा देजमो, नेपालका अध्यक्ष सीपी गजुरेलले आइतबार एक कार्यक्रमका बीच उक्त प्रशिक्षण कार्यक्रमको उद्घाटन गरेका ...बाँकी ६ पेजमा

## ओली–प्रचण्डहरू कम्युनिस्ट होइनन्, विदेशी दलाल हुन् : श्रीस

**क्रान्तिकारी माओवादीको जनसभामा दर्जनौंले गरे पार्टी प्रवेश**



दैलेख । नेकपा (क्रान्तिकारी माओवादी) दैलेखको चामुण्डाविन्द्रासेनी नपाले आयोजना गरेको जनसभालाई सम्बोधन गर्दै पार्टीका स्थायी समिति सदस्य रामसिंह श्रीसले सत्तारुढ केपी शर्मा ओली र ...बाँकी ४ पेजमा

## क्रान्तिकारी माओवादीको विशेष पेशागत डिओसीको प्रथम जिल्ला भेला सम्पन्न

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) विशेष पेशागत डिओसीको प्रथम जिल्ला भेला सम्पन्न भएको छ । पार्टी कार्यालय बुद्धनगर काठमाडौंमा सफलतापूर्वक सम्पन्न भेलाले कमरेड विनोदको नेतृत्वमा ३५ सदस्यीय पेशागत डिओसी निर्माण गरेको छ ।

पार्टीका स्थायी कमिटि सदस्य देजमोका केन्द्रीय अध्यक्ष सीपी गजुरेल ‘गौरव’को प्रमुख आतिथ्यतामा सम्पन्न भेलालाई सम्बोधन गर्दै अध्यक्ष गजुरेलले पार्टीको वर्तमान अवस्था, राष्ट्रिय तथा अन्तराष्टिय परिस्थिति, पार्टीले लिएका विभिन्न संघर्षका भावी कार्यक्रम, पेशागत संगठनको आवश्यकता आदिबारे प्रशिक्षणात्मक निर्देशन दिएका थिए ।

भेला सफलताको शुभकामना दिने अन्य नेताहरूमा पार्टीका पोलिटब्यूरो सदस्य प्रभाकिरण ...बाँकी ७ पेजमा

## क्रान्तिकारी माओवादी भक्तपुर जिल्लाको भेला सम्पन्न


भक्तपुर । पार्टीका पीविएम तथा ३ नं. प्रदेश सचिव कमरेड सागरको प्रमुख आतिथ्यतामा नेकपा (क्रान्तिकारी माओवादी) भक्तपुरले जिल्ला भेला सम्पन्न गरेको छ । भेलाले २९ सदस्यीय जिल्ला कमिटि निर्वाचित गर्दै कमरेड विवेकलाई जिल्ला कमिटिको सेक्रेटरीका रूपमा चयन गरेको छ । उक्त कमिटिका सदस्यहरूमा सनम, जिराम, प्रकाश, शिरीष, विशाल, ज्वाला, बुद्ध, गरीबकुमार, विकल्प, रामलाल, क्षितिज, गोकर्ण, ...बाँकी ४ पेजमा

## ‘नेपाललाई पराधीन बनाउने आक्रमणकारी’ योजनाविरुद्ध जवाफी क्रान्तिकारी अभियान

नेपालको वर्तमान चरणमा क्रान्ति जनवाद हो, समाजवादी होइन । पार्टीको वर्तमान अभिभारा आम जनतालाई आफ्नो पक्षमा तान्नु हो, त्यसो भनेर फेरि तुरुन्तै बिद्रोह गर्नु होइन । तथापि क्रान्तिको छिटो विकास हुनेछ र हामीले सशस्त्र जनबिद्रोहका लागि आफ्नो प्रचार र तैयारिमा सकारात्मक रुख अपनाउनु पर्छ । वर्तमान अस्तव्यस्त परिस्थितिमा हामीले सकारात्मक नारा र कार्यक्रमका साथ सकारात्मक रुख अपनाएर मात्र जनताको नेतृत्व गर्न सक्छौं । यस्तो रुख अपनाएर मात्र पार्टीले आफ्नो जुझारु क्षमता फेरि प्राप्त गर्न सक्छ ।

आजको नेपाली समाज अर्ध-औपनिवेशिक र अर्ध-सामन्ति समाज नै कायम छ भन्ने कुरो प्रष्ट

**हामीले हाम्रो संघर्षलाई आवश्यकताअनुरूप जुझारू ढङ्गले अगाडि बढाउनुको उल्टो शिथिल पार्‍यौं भने मातृभूमिको रक्षा होइन, बरू तिनका ती देशद्रोही पाल्तु कुकुरहरूलाई हौसला बढाउने काम हुनजाने कुरा निश्चित छ**



● पुष्प गोपाल श्रेष्ठ ●

छ । नेपाली समाजको स्वरूपलाई राम्रोसँग बुझेपछि मात्रै हामीले नेपाली क्रान्तिको प्रहारका निशाना, अभिभारा र प्रेरक शक्तिहरू तथा यसको स्वरूप, यसका भावी सम्भावनाहरू र यसको संक्रमणलाई प्रष्टसँग बुझ्न सक्ने छौं । त्यसकारण नेपाली समाजको प्रकृति अर्थात् यसका परिस्थितिहरूको प्रष्ट जानकारी हासिल गर्नु क्रान्तिका सबै समस्याहरूको प्रष्ट हासिल गर्ने गाँठी कुरा हो ।

वर्तमान नेपाली समाजको स्वरूप अर्ध-औपनिवेशिक तथा अर्ध-सामन्ति हो भने नेपाली क्रान्तिको यस चरणको प्रहारका मुख्य निशानाहरू वा मुख्य शत्रुहरू कुन-कुन हुन त ?

यसको प्रहारका निशानाहरू वा मुख्य शत्रुहरू साम्राज्यवाद, भारतीय विस्तारवाद तथा दलाल नोकरशाहि पुंजीपति र ...बाँकी ७ पेजमा

## सम्पादकीय

# चौबीसौं जनयुद्ध दिवस

चौबीसौं जनयुद्ध दिवस यही फागुन १ गते देशव्यापी रूपमा मनाइँदै छ । जनयुद्ध सुरु गरिएको २४ वर्षपछि पनि जनयुद्धप्रतिको आस्था र आकर्षणमा कुनै कमी आएको छैन । बरु जनयुद्ध ठीक थियो, यसको मूल नेतृत्वले धोखा दियो भन्ने सत्य कुरा स्थापित भएको छ । जनयुद्ध ठीक थिएन वा जनयुद्ध लोकतान्त्रिक गणतन्त्रका लागि थियो भन्नेहरू अहिले जनताका मन र मस्तिस्कबाट बाहिरिँदै र पाखालाग्दै गएका छन् । बरु जनयुद्धको विहङ्गम समीक्षा जनस्तरबाटै भइरहेको छ । जनता जनयुद्ध, यसले अंगीकार गरेको विचार, आदर्श, निष्ठा र बलिदानप्रति विश्वस्त छन् । जनयुद्धको सत्यता र अपरिहार्यता थप सशक्त रूपमा स्थापित भएको छ । आज उतारचढाबको अवस्थामा पनि क्रान्तिकारी माओवादीहरू माओवादी विचार रक्षा र प्रयोगका लागि कार्यक्रमसहित अघि बढिरहेका छन् ।

नेपालमा जनवादी क्रान्ति सम्पन्न हुन नसकेको अवस्थामा जनयुद्धको खास उपलब्धीहरू प्राप्त नभए पनि गणतन्त्रको स्थापनासहित केही सामान्य उपलब्धीहरू हासिल भएका छन् । देश संघीयतामा गएको छ । तर नेतृत्वका हिसाबले देशको राजनीतिक शासकीय बागडोर दलालहरूको हातमा पर्न गएको छ । जनता क्रमशः यी दलालहरूको भ्रमबाट मुक्त भई ती दलाल र तिनका अन्नदाता साम्राज्यवादी तथा विस्तारवादीहरूका विरुद्धमा उत्रन थालेका पनि छन् । हाल सतही रूपमा हेर्दा स्मरणमा मात्र बाँकी रहन पुगेको जनयुद्ध अझैं पनि जनताको मनमनमा ताजा बनेर कुँदिएको छ । एकताका संसार परिवर्तन गर्ने भनी उर्लिएको महासमर देशमा आमूल परिवर्तन ल्याउनसम्म असफल भए पनि यसको अपराजेय सन्देशलाई कसैले पनि न्यूनीकरण गर्नसक्ने अवस्था छैन ।

कार्लमार्क्सको भाषामा निरन्तर वर्ग संघर्षले रूपान्तरण गर्दै लगेको मानव समाज रूपान्तरणको अग्रगामी प्रक्रियामा नै छ । वर्गीय लडाइँ कहिले सुसुप्त त कहिले भीषण रूपमा जारी छ । कहिले शोषक वर्ग त कहिले शोषित वर्गले लडाइँ जित्ने इतिहास हाम्रा सामु जीवन्त छ । नेपालमा अहिले शोषित वर्गले हारेको छ र शोषक वर्गले जितेको छ । तर यसलाई सदाका लागि नभएर तत्कालका लगि सर्वहावर्गीय लडाइँमा शोषितहरूको हारका रूपमा लिइएको छ । तथापि माओले अनुमान गरे झैं 'अबका पचासौं वर्ष भीषण वर्गसंघर्षका वर्षहरू' रहने छन् । यिनै वर्गसंघर्षका वर्षहरूमा नेपाली सर्वहारा वर्गले बेहोरेको प्रतिक्रान्तिबाट फेरि उत्साहका साथ अघि बढिरहेको छ ।

नेपाली जनयुद्धले विश्वमा आएको विचारको मन्दीका बेला माओवादलाई विश्वभर प्रचार गर्‍यो । विचारका हिसाबले मार्क्सवादी-लेनिनवादी-माओवादी विचारलाई एक अभेद्य वैचारिक इकाइका रूपमा स्थापित गर्‍यो । माओवादी जनयुद्धका बारेमा अनेकन टिकाटिप्पणी आइरहेको बेलामा जनयुद्ध नै २१ औं शताब्दीको एक अजेय मालेमावादी वैचारिक अस्त्र हो भन्ने कुरा संसारभर बुझायो । सगरमाथा जस्तो हिमालयको चुचुरोबाट रातो झण्डा फहराउँदै छ भनेर विश्वभर क्रान्तिकारी सन्देश दियो । वर्गसंघर्ष र वर्गीय मुक्ति आन्दोलनका लागि विश्वका जनताहरूसँग नेपाली सर्वहारा वर्ग पनि आफ्नो जीवनको आहुति दिन तयार छन् भनेर अद्वितीय बलिदानको कीर्तिमान खडा गरेर आफ्नो अन्तर्राष्ट्रियतावादी पहिचान दिलायो । आज यिनै मूलभूत कुराहरूको जगमा अबको आमूल परिवर्तनकारी यात्रा अघि बढ्न थालेको छ ।

## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

# जनयुद्ध दिवस र जनविद्रोहको तयारी



भरत बुर्जामगर

वि.सं. २००६ सालमा कलकत्तामा पुष्पलाल श्रेष्ठको नेतृत्वमा निर्माण भएको नेपाल कम्युनिस्ट पार्टीमा तेस्रो महाधिवेशनपछि टुटफुट सुरु भयो । यी आरोह तथा अवरोह पार गर्दै जाने क्रममा पुष्पलालको धारा, माले धारा र चौथो महाधिवेशन धारामध्ये वि.सं. २०२८ सालमा कोअर्डिनेशन केन्द्रले "झापा संघर्ष" सुरु गर्‍यो । तथापि वि.सं. २०४६ सालपछि नेकपा मार्क्सवादी (पुष्पलालको धारा) र माले धारा मिलेर दक्षिणपन्थी संशोधनवादी एमाले बन्न पुग्यो ।

यता चौथो महाधिवेशन फुटेर चौम, मशाल र मसाल बनेको थियो । वि.सं. २०४७ सालपछि नेकपा (मशाल), नेकपा (चौम) र सर्वहारावादी श्रमिक संगठन मिलेर वि.सं. २०४८ सालमा "नेपाल कम्युनिस्ट पार्टी (एकता केन्द्र)" एकता महाधिवेशनद्वारा निर्माण गरियो । महाधिवेशनद्वारा नेपाल अर्ध सामन्ती, अर्ध-औपनिवेशिक कृषिप्रधान देशमा नयाँ जनवादी क्रान्ति मार्क्सवाद-लेनिनवाद-माओवादको आलोकमा दीर्घकालीन जनयुद्ध "रक्षा, सन्तुलन र प्रत्याक्रमणबाट अगि बढ्ने" राजनीतिक कार्यदिशा पारित गरियो ।

वि.सं. २०४८ सालपछि नेपाल कम्युनिस्ट पार्टी (एकता केन्द्र) ले जनसांस्कृतिक टोलीसहित देशव्यापी रूपमा राजनीतिक, वैचारिक, सांगठनिक र जनसंघर्ष र वर्गसंघर्ष उठान गरियो । नेपाली कम्युनिस्ट पार्टी (एकता केन्द्र) क्रान्तिकारी पार्टीको रूपमा, संयुक्त जनमोर्चा क्रान्तिकारी मोर्चाको रूपमा र जुझारु युवाहरूलाई संगठित गरी योंग कम्युनिस्ट लिगलाई सेनाको रूपमा प्रशिक्षित गर्दै लगियो । संयुक्त जनमोर्चाद्वारा संसदीय व्यवस्थाको भण्डाफोर गर्दै नयाँ जनवादी क्रान्तिको तयारीको क्रममा संसदीय निर्वाचनलाई उपयोग गर्दा दुबै सदनगरी जम्मा ११ सीट जितेको थियो । स्थानीय निकाय जिल्ला, गाउँ र वडामा पनि विजय हाँसिल गरिएको थियो । वि.सं. २०५१ को मध्यावधिमा निर्वाचन बहिष्कार गरियो ।

नेपालको ८० प्रतिशत भूभागमा राजनीतिक प्रचार, संगठन निर्माण, केही वर्ग संघर्ष उठान, प्रतिरोध संघर्ष र राष्ट्रियता, जनतन्त्र, जनजीवीकाको लागि नेपालबन्द लगायत ठूला जनआन्दोलन गरी जनता, नेता, कार्यकर्ताहरूलाई प्रशिक्षित गरी जनयुद्धको तयारी गरियो । संगठन फौजी प्रकारको, काम युद्धस्तरको, फलामे अनुशासन भएको नेता, कार्यकर्ता निर्माण गरी चार तयारी राजनीतिक, सांगठनिक, संघर्ष, उत्पादन र राष्ट्रिय, अन्तर्राष्ट्रिय समर्थनका साथ जनयुद्धको लागि आधार तयार गरियो । युवाहरूलाई वैचारिक सामरिक र गैरसामरिक विषय वस्तुमा प्रशिक्षित गरियो । मुख्य मार्क्सवाद-लेनिनवाद-माओवादको निकै संघटक दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद अनिवार्य, नयाँ ढंगले र व्यवहारिक तरिकाले अध्ययन गरी जनताका बीचमा जाने अनुसन्धान गर्ने काम भयो ।

नेकपा (एकता केन्द्र) को अल्पमत पक्ष, जो निर्मल लामाले नेतृत्व गर्दथे, ले जनयुद्धको लाइनबाट डराएर पार्टी अनुशासन र गोपनियता भंग गर्दै पार्टी भित्र गुट बनाउन थालेकाले सांगठनिक कारवाही गरियो । विधिवत तरिकाले वि.सं. २०५१ सालमा राष्ट्रिय सम्मेलन गरी नेपाल कम्युनिस्ट पार्टी (एकता केन्द्र)ले निर्मल लामासहित केही नेताहरूलाई पार्टीबाट निश्कासन गरियो । पार्टीको नाम कामअनुसार नेपाल कम्युनिस्ट पार्टी (माओवादी) राखियो । नेकपा (माओवादी)का सम्पूर्ण नेता र कार्यकर्ताहरको बुझाईमा एकरूपता र त्याग वलिदान गर्ने भावनाले ओतप्रोत थियो ।

**राजधानीबाट 'जनयुद्ध बन्द गर' भन्ने नारा वैधानिक तवरले घन्किन्थ्यो । क्रान्ति जिन्दावाद, जनयुद्ध जिन्दावाद, राजतन्त्र मूर्दावाद, नेकपा (माओवादी) जिन्दावाद जस्ता नारा छापामार तरिकाले दिउँसो समयमा पनि असनलगायत मुख्य भिडमा कोणसभा र जुलुस गरिन्थ्यो**

वि.सं. २०५२ साल सायद माघ महिनामा गोरखामा केन्द्रीय समितिको जनयुद्धको तयारी बैठक बसी सबै केन्द्रीय सदस्य कमरेडहरूले जनयुद्ध सुरु गरेपछि कुनै हालतमा पनि नरोक्ने बरु सबैले बलिदान गर्ने भन्ने थियो । वि.सं. २०५२ मंसिर १९ गते नेकपा (माओवादी)को क्रान्तिकारी मोर्चा संयुक्त जनमोर्चाले तत्कालीन सरकारलाई जनतन्त्र, जनजीवीका र राष्ट्रिय स्वाधीनतासम्बन्धी असमान सन्धी खारेजी सहितको ४० सुत्रीय मागहरू पेश गरी खुल्लामञ्चमा आमसभा गरिएको थियो । "यदि यी मागहरू पुरा नभए जनताले नेपालमा नयाँ जनवादी क्रान्तिको लागि जनयुद्ध लड्नु पर्ने हुन्छ हामी जनताको अग्रिम पंक्तिमा बसेर जनयुद्धको नेतृत्व गर्नेछौं" भनिएको थियो ।

२०५२ फागुन १ गते अघि नै ७५ वटै जिल्लामा पार्टीको जनयुद्ध सुरु गरेको पोष्टर र पर्चा पुऱ्याइएको थियो । २०५२ फागुन १ गते भन्दा अघि राति रोल्पा, रुकुम, सिन्धुलीमा प्रहरी चोकी कब्जा र गोरखा च्यांग्लीमा कृषि विकास बैंक कब्जागरी र नेपाल भरी पोष्टर टाँसी पर्चा छरी महान् जनयुद्ध सुरु गरिएको थियो । सबै कमरेडहरूको स्पिरिट भाव सहित मुक्ति या मृत्यु भन्ने थियो । नेता तथा कार्यकर्ताहरू मृत्युवरण गर्न कोटा चुक्ता गर्ने स्पिरिटका साथ वर्ग संघर्षको भट्टीमा हाम फालेका थिए ।

धेरैजसो कमरेडहरू स्थायी जागीर र पढाइ छोडी क्रान्तिको लागि पूर्णकालीन कार्यकर्ता बनेका थिए । सबै कमरेडहरूले व्यक्तिवादी सोचाइ छाडि महान् जनयुद्धमा हाम फाल्ने अठोट गरेका थिए । सबै कमरेडहरूमा व्यक्तिवादी सोचाइ छाडी सामूहिक भावनाका साथ जनताका बीचमा जाने जनयुद्धलाई कसरी अगाडि बढाउने भन्ने नितान्त नयाँ सोचविचारमा बहस, छलफल र अनुसन्धान हुन्थ्यो । जनयुद्ध सुरु भएपछि सम्पूर्ण नेता र कार्यकर्ताहरू जनतामा गाई समस्यामा सहभागी भै जनताबीच नङमासुझैं एकाकार भै जनयुद्धलाई अघि बढाइयो । वि.सं. २०५३ साल पुस १९ गते रामेछापको 'बेथान चौकी' कब्जा गरियो जहाँ ब्युरो सदस्य क. तीर्थ गौतमसहित तीनजना कमरेडहरूले सहादत गर्नुभयो ।

मुख्य क्षमेत्र, सहायक क्षेत्र र प्रचारात्मक क्षेत्र विभाजन गरी जनयुद्ध अघि बढाइयो । स्वयंसेवक, मिलिसिया र लडाकु दस्ता बनाई प्रशिक्षित गरी सामरिक गैरसामरिक कार्यक्रम बनाइ जनताको बीचमा गइयो । मूर्दा शान्ति क्षेत्रमा राजनीतिक वैचारिक प्रशिक्षित गरी गुरिल्ला जोनको रूपमा विकास गरी छापामार एक्सन अघि बढाइयो । दीर्घकालीन जनयुद्ध 'गाउँबाट शहर घेर्ने, अवैधानिक संघर्ष प्रधान वैधानिक संघर्ष सहायक र स्थानीय सत्ता कब्जा गर्दै केन्द्रीय सत्ता अन्त्यमा लिने' मान्यताअनुसार गुरिल्ला जोनमा मुख्य फौजी एक्सन (गाउँमा) शहरमा विद्यार्थी र मजदुरबाट वैधानिक आन्दोलन अघि बढाइयो ।

राजधानी भुरुङखेलमा मजदुर र विद्यार्थी कार्यालय खोलियो । मजदुर आन्दोलन अघि बढाउन श्रम विभागबाट मजदुर संगठन दर्ता गरियो । यसरी वैधानिक र अवैधानिक आन्दोलन तालमेल गरी जनयुद्ध अघि बढाइयो । मुख्य जोनमा एक्सन गरेको भोलिपल्ट दमन हुन्थ्यो । राजधानीबाट 'जनयुद्ध बन्द गर' भन्ने नारा वैधानिक तवरले घन्किन्थ्यो । क्रान्ति जिन्दावाद, जनयुद्ध जिन्दावाद, राजतन्त्र मूर्दावाद, नेकपा (माओवादी) जिन्दावाद जस्ता नारा छापामार तरिकाले दिउँसो समयमा पनि असनलगायत मुख्य भिडमा कोणसभा र जुलुस गरिन्थ्यो । वैधानिक आन्दोलन उठाउने क्रममा मजदुर महासंघको भेलामा सबै पेशा केन्द्रीय समिति सदस्यसहित ७०० भन्दा बढी वैठक (भेला) बाट प्रहरीले पक्डी महेन्द्र पुलिस क्वलमा राखी अन्तमा ३७ जना जो पहिला समात्ने गरेको मजदुर नेताहरूलाई राखी अरुलाई रिहाई गरियो । मजदुर संगठन दर्ता भएपनि प्रहरीले पक्डने र अदालतले छोड्ने आदेश दिएपछि गेटबाट पुन गिरफ्तार हुनुहुन्थ्यो उहाँ पहिलो शहीद हुनुभयो उहाँ भक्तपुर पार्टी सदस्य पूर्णकालीन र मजदुर नेता उमेश सेडाई, हिरा रोका लगायत काठमाडौंबाट बेपत्ता पारियो ।

१० वर्षे महान् जनयुद्धमा काठमाडौबाट प्रशिक्षित भएका विद्यार्थी, कलाकार, युवा नेता कार्यकर्ताहरू कलाकार शिव श्रेष्ठ, हरिशचन्द्र श्रेष्ठ गोरखामा शहीद हुनुभयो । रोमियो किलो सेरा टू पुलिस अप्रेशन चलार्य १६ हजार भन्दा बढी माओवादी ...बाँकी ७ पेजमा

झर्रोटर्रो kailubraha73@gmail.com कैलुब्राह

# जिब्रोको करामत

मनुखेको यो जिब्रो भन्ने जिनिस बडा अचम्मको हुँदो रहेछ । उल्टोलाई सुल्टो पार्छ, सुल्टोलाई उल्टो । तलको माथि र माथिको तल पार्छ । यताको उता, उताको यता बनाउन पनि जिब्रै माहिर छ । आफ्नो सोरेकअन्सार जिब्रो चल्छ । आज दुनियाँ यै जिब्राले खाएको छ । चुनाउमा यो जिब्रोको करामत निकै 'महान्' हुन्छ । प्रेमिले आफ्नी प्रेमिकालाई आकासका तारा खसालिदिने, जून टिपेर ल्याइदिने बाचा गरे जस्तै करामत देखाउँछ । चुनाउमा उठेका सरकारी जिब्राहरू र सरकारको दानापानीको स्वाद चाखिसकेका जिब्राहरूले चुनाउ जितेको भोलिपल्टै देश झिलिमिलि पार्ने भन्दै बाचा गर्छन् । भोटर रैती मनुवाहर्लाई स्वर्गै देखाइदिने कवोल गर्छन् । यो जिब्राको कमाल हो । अहिले नेपाल मण्डल कम्निस नाउँको जिब्रोले बेलान छोडेको साँढेलेझैँ हुक्काँ गर्दै शासन गरेको छ । थानीय सरकारदेखि छ वटा पर्देश र केन्द्र सरखारसम्ममा यै कम्निस नाउँको जिब्रोले दाइँ लगाइरहेको छ ।

केहीदिन पैला नेपाल मण्डलका पर्धानमन्तरी मिस्टर उखानप्रसाद विदेश हानिएका थिए । त्यैबेला अम्रिकाले भेनेजुएलामा नङ्ग्रा गाडेर त्यहाँको सरखारलाई चिथोऱ्यो । त्यसरी अम्रिकाले चिथोरेको विषयमा सरकारी कम्निसका दुईनम्बरी मुखियाको जिब्रो पटटट्ट पट्क्यो । र, प्याच्च पारेर आफ्नो महाप्रभु अम्रिकालाई तथानाम गाली गरेर लल्कारी हाल्यो । हिज सक्कली कम्निस हुँदाखेरीको जिब्रो जस्तै गरेर लल्काऱ्यो । आज आफ्नो जिब्रोले कुन ठाउँमा के चपाइराख्या छ भन्ने कुरो सबै बिर्सेर बुर्लुक्क उफ्रिहाल्यो । एकनम्बरी जिब्रो विदेश गएकोबेला आफूले हिजकै जिब्रो चलाएपनि हुन्छ भन्ने ठानेर होला जिब्रोले हिजकै भाषा बोल्यो । अनि पऱ्यो फसाद । उता अम्रिकी हात्तीसौँडे जिब्रोले नेपालको सरकारी मनुवाको जिब्रोले हाम्लाई किन नानाभाँती गाली गरेको ? जिब्रोसिब्रो थुतिदिउँ कि समालेर राख्छौ भनेर गर्जियो । त्यैबेला विदेश गएको सरकारी जिब्रो टुप्लुक्क घरभित्र आइपुग्यो ।

सरकारी कम्निस पाटीको एकनम्बरी समेत बनेको सरकारी जिब्रोले विभिन्न देशका अङ्ग्रेजी जिब्राका दूतहर्लाई बाल्वाटारको एकनम्बरी जिब्रेनिवासमा बोलाएर दुइनम्बरी जिब्राले बोलेको कुरामा दुःख मनाउ नगर्न आग्रह गऱ्यो । दुइनम्बरी जिब्रो सरखारको आधिकारिक जिब्रो नभएकाले त्यो जिब्राको कुरो सुन्न आवश्यक नभएको जनाऊ दियो । उता अम्रिकी जिब्रे प्रतिनिधिले दुइनम्बरी जिब्रो भए पनि सरकारी पाटीको हुनाले क्यै न क्यै असर त पर्छ नि त्यसरी हाम्लाई जथाभावी गाली गर्न पाइन्च ? हाम्रै दानापानी नभई नबाँच्नेले के बोलेको ? आफ्ना दुइनम्बरीलाई जिब्रो समाल्न भन, भनेर हकारे ।

त्यसपछि एकनम्बरी जिब्राले भने -'आखिरमा जिब्रै त हो, कहिलेकाहीँ चिप्लिन्छ । तपाइँकै देशका हात्तीसौँडे जिब्राले पनि त चिप्लिएर हाम्रो देशलाई भारतको भन्या'थे नि त । हो त्यस्तै हाम्रो दुइनम्बरी जिब्राले पनि गल्ती शब्द बोलेर चिप्लिए । त्यसमा नाराज हुनु पर्ने केही कारण छैन । फेरी उनमा हिजोको धङधडी बाँकी छ । हिँज उनको खाँटी कम्निस जिब्रो भा'बेला तपाइँहर्लाई न्वारानको बल लाएर गाली गर्थे, त्यसैको बाँकीटाँकी झल्को आए होला । अब त्यस्तो हुन्न । म यहाँ भएको भए त्यसरी उनको जिब्रो सल्बलाउन मैले दिने थि'न । म नभा'को मौकामा अलिअलि तुजुक झिकिहाले छन् । म उनलाई ठिक पारिहाल्छु । तपाइँहर्ले चिन्तासिन्ता गर्नु पदैन ।' यति भनेर अङ्ग्रेजी जिब्राहर्का दूतहर्लाई सन्ताएर पठाए ।

उता दुइनम्बरी जिब्राले पनि आफ्नो जिब्रो त्यसरी बोल्न नचाहेको तर आफूलाई फसाइएको भनेर माफी मागि हाल्यो । दुइनम्बरी जिब्रोलाई बोल्न र माफि माग्न आइतबारै लाग्दैन । उनको जिब्रो एकदम चलायमान छ । गतिशील छ दुइनम्बरी जिब्रो । मिनेट मिनेटमा बोली फेरिरहने जिब्रो हो उनको । उनको जिब्रोको कुनै ठेगान नै हुँदैन । कतिबेला के बोल्ने र बोलेको कुरा कतिबेरसम्म अडाउने भन्ने नै हुँदैन । भाका फेरी फेरी बोल्छ उनको जिब्रो । चमत्कारी जिब्रो हो । बेलाबेलामा छलाङ मारेर चमत्कार देखाउँछ । एक्सट्रिममा छलाङ मार्छ उनको जिब्रोले । एकैचोटी रुखको टुप्पैमा पुग्छ र उतिखेरै भूइँमा झर्छ । के बोल्दा आफूलाई सोरेक पर्छ र चर्चाको शिखरमा आउन र पद सुरक्षित हुन्छ त्यसैअन्सार जिब्रो चल्छ ।

नेपाल मण्डलमा विकास पनि जिब्रोले नै गर्छ । यहाँ काम गरेर विकास गर्ने पर्दैन । जिब्रैले स्मार्ट देश बनाउँछ । अचेल थानीयतहका सरखारी मुखियाहर्ले टोलटोलमा स्मार्टको जिब्रो चलाउँछन् । स्मार्ट शहर, स्मार्ट गाउँ, खानेपानी स्मार्ट, विजुलीबत्ती स्मार्ट, सबै कुरा स्मार्ट । स्मार्ट बनाउने कुरा गर्दा गर्दै जिब्रो नै स्मार्ट बनिसकेको छ । पर्धानमन्तरीबाट सुरु भएको स्मार्टको तुजुक मन्तरी, मुख्यमन्तरीहरू, मान्नेहरू हुँदै नगरपति र पालिकाधिशदेखि वडाधिशसम्मकाले स्मार्टको जिब्रो चलाउँछन् । चलाइरहेका छन् । यसरी नेपाल मण्डलमा जिब्रोको करामत निकै ताजुवको रहेको छ ।

*२७ माघ २०७५*

# लोकतान्त्रिक गणतन्त्र ल्याएर नयाँ जनवादी क्रान्ति पूरा भयो भन्नु बकवास मात्र हो, त्यसका लागि जनयुद्ध भएको थिएन



❑ सीपी गजुरेल 'गौरव'

***महान् जनयुद्धको २४ औं दिवसको अवसर पारेर देशैभर 'रातो मार्चपास' प्रदर्शनको तयारी गरिरहनु भएको छ । यो ऐतिहासिक दिनको सन्दर्भमा गर्न लागिएको रातो मार्चपासमार्फत् नेकपा (क्रान्तिकारी माओवादी)ले दिन खोजेको सन्देश के हो ? स्पष्ट पारिदिनुस् न ।***

देशैभर रातो मार्चपास गरेर महान् जनयुद्धको २४ औ दिवस मनाउने जुन कार्यक्रम हाम्रो पार्टीले तय गरेको छ, त्यसको विशेष महत्व छ । इतिहासको कुनै कालखण्डमा जनयुद्धका नायक भनिनेहरू र तिनका संगठनले जनयुद्धलाई धरासायी पारेर पनि नपुगेर सकेसम्म अपमानित गरिरहेको अहिलेको अवस्थामा त्यो महान् क्रान्तिको महत्वलाई स्थापित गर्नका लागि यो रातो मार्चपास महत्वपूर्ण सावित हुनेछ भन्ने हामीले आशा गरेका छौं ।

***फागुन ७ देखि २१ सम्म गरिने मेची–महाकाली अभियानको बारेमा पनि केही बताइदिनुस् न ।***

-अहिले देशको राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताको रक्षाको प्रश्न संगीन अवस्थामा पुगेको छ । संघीयताको नाममा संघीयतालाई नै कुरूप बनाउने र दलाल, नोकरशाही पुँजीपति वर्गको गणतन्त्रलाई नै जनयुद्धको माग हो भनेर जनतामा भ्रम पार्ने काम शाषक वर्गका पार्टीहरूबाट भइरहेको अहिलेको अवस्थामा क्रान्तिका लागि उत्सर्ग गरेका महान नेपाली जनतालाई वास्तविकता बुझाउने काम अत्यन्त महत्वपूर्ण बन्न गएको छ । काठमाडौं, पोखरा, झापाको काँकडभिट्टा, कंचनपुरको गड्डा चौकीबाट फागुन ७ गते एकसाथ उद्घाटन गरिने, पूर्व र पश्चिमबाट अभियान संचालन गर्दै फागुन २१ गते चितवनमा भव्य समारोहका बीच समापन गरिने कार्यक्रम छ । यो अभियानमार्फत् हामी यो प्रतिक्रियावादी राज्यव्यवस्थाका विकल्पमा प्रगतिशील राज्यव्यवस्था र पश्चगामी संविधानका विकल्पमा अग्रगामी संविधान, लोकतान्त्रिक गणतन्त्रको विकल्पमा संघीय जनगणतन्त्रलाई प्रस्तुत र स्थापित गर्नेछौं । यसका साथै यो अभियानको अर्को काम आगामी चैत्र २४ गते काठमाडौंमा विशाल जनसहभागिता र जनप्रदर्शनका बीच देशभक्त जनगणतान्त्रिक मोर्चाको ऐतिहासिक राष्ट्रिय सम्मेलनको उद्घाटनको तयारी समेत हुनेछ ।

***२४ बर्ष अगाडि जनयुद्ध सुरु गर्दाको त्यो ऐतिहासिक दिनलाई आजको राजनीतिक धरातलमा उभिएर स्मरण गर्दा कस्तो अनुभूति गर्नु हुन्छ ?***

त्यो दिन हाम्रो लागि अबिस्मरणीय दिन थियो । त्यो रामाञ्चकारी क्षण हाम्रो मानसपटलमा आइनै रहनेछ । त्यतिबेला र अहिलेको राजनीतिक धरातलमा निश्चित रूपमा अन्तर छ । तथापि, नेपाली क्रान्ति नयाँ परिवेशमा तीब्रतामा अघि बढ्ने कुराका पर्याप्त संकेतहरू देखापरेका छन्, जसले हामीलाई उत्साहित बनाइरहेको छ ।

***अब नेपालको राजनीतिमा 'जनयुद्धको जग' अर्थात् त्यसको आयाम र रापताप कति बाँकी छ जस्तो लाग्छ कमरेडलाई ? संक्षिप्तमा चर्चा गरिदिनुस् न । त्यसलाई संगठित गरी क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउने सम्भावना कति छ ?***

यो कुरा सत्य हो कि नेपालको जनयुद्धले ठूलो धक्का खाएको छ । यसका मुख्य उपलब्धिहरूमाथि विश्वासघात भएको छ । तर त्यसका अनुभव र शिक्षाहरूलाई कसैले मेटौं भनेर पनि मेट्न सक्ने छैन । ठूलो धक्का खाएको बेला त्यसको रापताप पहिले जस्तो त हुने कुरा भएन । तर, शोषित पीडित जनताको ठूलो हिस्सा अहिले पनि त्यसका उपलब्धिलाई संझिरहेका छन् । यसका साथै शाषक वर्गका पार्टीका नेताहरूले दिएको नयाँ व्यवस्था र नयाँ संविधानमार्फत् "समृद्ध नेपाल" र "सुखी नेपाली"को प्रलोभनको पनि मोहभंग भएको छ र जनता क्रान्तिकारी विकल्पको खोजी गरिरहेका छन् । यी सबै पक्षबाट विचार गर्दा क्रान्तिकारी आन्दोलनको तयारी र उठान गर्नु नितान्त सम्भव छ ।

***क्रान्तिकारी माओवादीले दशवर्षे महान् जनयुद्धको मात्र होइन, ऐतिहासिक झापा विद्रोहको समेत आफूलाई सच्चा उत्तराधिकारीको रूपमा दावी प्रस्तुत गर्दै आएको छ । यसका पछाडिको आधार कसरी प्रस्तुत गर्नुहुन्छ ?***

हाम्रो पार्टीले महान् जनयुद्धको उत्तराधिकारीका रूपमा प्रस्तुत गर्ने कुरा स्वतःसिद्ध तथ्य हो । जहाँसम्म झापा विद्रोहको कुरा हो, त्यसका कैयौं कमी र कमजोर पक्षहरू पनि थिए । तथापि तत्कालीन कम्युनिष्ट आन्दोलनमा हाबी भएको दक्षिणपन्थी अवसरवाद र जनआन्दोलनको गोलचक्करवादका बिरुद्ध सचेत ढंगले बल प्रयोगको नीतिलाई लागु गर्ने कुराको ठुलो महत्व रहेको छ । त्यतिखेर प्रारम्भ गरिएको सशस्त्र विद्रोहलाई पछिल्लो चरणमा गएर त्यस पार्टीका नेताहरूले बेवारिसे बनाएर छाडिदिएको अवस्थामा त्यसको उत्तराधिकार हामीले लिनु जायज काम हो ।

***सामन्ती राजतन्त्रको अन्त्य, लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै नेपाली जनवादी क्रान्ति मौलिक र नौलो रूपमा पूरा भएको विश्लेषण गर्दै अब विकास र समृद्धिमार्फत् समाजवादी क्रान्ति पूरा गर्न सकिन्छ भन्ने सत्तारुढ नेकपालगायतको विश्लेषणलाई कसरी लिनु भएको छ ? संक्षिप्तमा चर्चा गरिदिनुस् न ।***

सामन्ती राजतन्त्रको अन्त्य संसारमा विभिन्न किसिमले हुने गर्दछ । महान जनयुद्धको उद्देश्य नेपालमा राजतन्त्र समाप्त पारेर जनगणतन्त्रको स्थापना गर्नु थियो । अहिलेको जस्तो लोकतान्त्रिक गणतन्त्र र संसदीय व्यवस्था ल्याउनका निम्ति जनयुद्ध भएको थिएन । लोकतान्त्रिक गणतन्त्र ल्याएर नयाँ जनवादी क्रान्ति पुरा भयो भन्नु बकवास मात्र हो । नयाँ जनवादी क्रान्ति भनेको सर्वहारा वर्गको नेतृत्वमा मजदुर किसान एकताका आधारमा सम्पन्न गरिने पूँजीवादी जनवादी क्रान्ति हो । त्यसप्रकारको क्रान्ति नेपालमा सम्पन्न भएकै छैन । कुन मितिमा सम्पन्न भयो, कसैलाई थाहा छैन । जहाँसम्म (डबल) नेकपाको कुरा हो त्यो त कम्युनिस्ट आन्दोलनबाट विचलित नवप्रतिक्रियावाद उन्मुख नवसंशोधनवादी पार्टी हो । त्यो पार्टीका नेताले भनेको समाजवाद फगत प्रतिक्रियावादी समाजवाद हो । त्यसको बैज्ञानिक समाजवादसँग कुनै साइनु सम्वन्ध नै छैन ।

***अहिलेको सत्ता तथा ओली सरकारको वर्ग–चरित्रलाई सरल भाषामा प्रष्ट पारिदिनुस् न । नेपालभित्र र बाहिर ओली नेतृत्वको सरकारलाई कम्युनिस्ट तथा वाम देख्नेहरूको पंक्ति अझै पनि रहेको देखिन्छ नि ?***

ओली नेतृत्वको यो सरकारलाई वास्तवमा कम्युनिष्ट वा वामपन्थी सरकार हो भन्ने भ्रम राजनीतिक रूपमा स्पष्ट भएका मानिसहरूमा प्रायः कमैलाई छ । यो त दलाल र नोकरशाही पुँजीपति वर्गको सरकार हो । तथापि यसलाई कम्युनिष्ट सरकार हो भन्ने प्रचारबाजी भने भइनै रहेको छ । यो काम दुईथरिले गरिरहेका छन् । एकथरिले कम्युनिस्टको रूपमा यिनीहरूलाई उभ्याएर असली कम्युनिस्टहरूलाई नङ्ग्याउने काममा प्रयोग गरिरहेका छन् । अर्काथरि शाषक वर्ग र शाषक पार्टीले वामपन्थी समर्थक जनतालाई भ्रम पार्नका लागि प्रयोग गरिरहेका छन् । जेहोस्, सच्चा कम्युनिष्टहरूका लागि यिनीहरूको असली अनुहार जनतालाई चिनाउन यिनीहरूको भण्डाफोर गर्न केही मेहनत भने गर्नै पर्छ ।

***भेनेजुएलामाथि अमेरिकी हस्तक्षेपको विरोधमा नेकपाको अध्यक्षको हैसियतमा प्रचण्डले जारी गरेको वक्तव्य र उनले 'फेरि नयाँ माओवादी जन्मिन सक्छ' भनेर दिएको अभिव्यक्तिलाई कसरी लिनु भएको छ ? त्यसले त जनता र राजनीतिक तहमा समेत थप भ्रम सिर्जना गरेजस्तो देखिन्छ नि ?***

भेनेजुएलामाथि अमेरिकी हस्तक्षेपको विषयमा प्रचण्डको वक्तव्य त्यति उग्र अमेरिका विरोधी देखिँदैन । ट्रम्प सरकारसँग नजिकको सम्बन्ध भएको भारत सरकारले पनि लगभग त्यही स्तरको वक्तव्य दिएको छ । अमेरिकी सरकार केही उत्तेजित भएको देखिनका कारण त्यसले ओली सरकारलाई हेपेको कारणबाट बढी भएको देखिन्छ । अर्कोतिर, त्यतिको वक्तव्यलाई पनि ओलीले 'प्रचण्ड चिप्लिएको' भन्ने सार्वजनिक अभिव्यक्ति दिनुलाई पनि आफ्नो पार्टी एमालेमा लगेर बुझाएका प्रचण्डले थप अपमानित भएको ठानेको हुन सक्छ । उनले 'फेरि अर्को माओवादी जन्मन सक्ने' भनेर एमालेका नेताहरूलाई तर्साउन खोजेका छन्, त्यसमा कुनै तुक छैन । किनभने, नेपालमा माओवादी पार्टी धेरै पहिले नै बनिसकेको छ र त्यस प्रकारको पार्टी अहिले पनि क्रियाशील छ । त्यसैले यस घटनाबाट कुनै नयाँ भ्रम पैदा हुने त्यति धेरै देखिँदैन ।

***नवसंशोधनवाद तथा दक्षिणपन्थी अवसरवादसँगै तमाम प्रतिक्रियावादीहरूको घेराबन्दी र भ्रमलाई तोड्दै नेपाली नयाँ जनवादी क्रान्तिको बाँकी कोर्स कसरी अगाडि बढ्न सक्छ ? यसमा क्रान्तिकारी माओवादीको भूमिका के हुन्छ ?***

-हरेक क्रान्तिले दुश्मन शक्तिहरूको घेरावन्दीलाई तोड्दै, भ्रमहरूलाई चिर्दै अघि बढ्नु पर्ने यो ऐतिहासिक भौतिकवादी नियम नै हो । नेपाली क्रान्तिले यसलाई पुरा गर्ने कुरा अनिवार्य छ । नेपालको सच्चा कम्युनिष्ट पार्टीको हैसियतले यो कार्यभार नेकपा (क्रान्तिकारी माओवादी)ले क्रान्तिको तयारी र लागु गर्ने दौरानमा पुरा गर्ने छ ।

***नेपालको भूराजनीतिक स्थिति र नेपाली क्रान्तिको भविष्यको विषयमा संक्षिप्तमा प्रकाश पारिदिनुस् न ।***

-नेपाल विद्यमान भारतबाट तीनतिरबाट घेरिएको हुनु र त्यहाँको सरकारको चरित्र विस्तारवादी हुनु नेपाली क्रान्तिको निम्ति प्रतिकूल भूराजनीतिक अवस्था मानिन्छ । तर यसको अर्थ यति कारणले नेपालमा क्रान्ति नै सम्पन्न हुन सक्दैन भन्ने निष्कर्ष निकाल्नु गलत हो । भारतमा क्रान्तिकारी शक्तिको विकास भएका खण्डमा त्यही कारण अनुकूल पनि हुन सक्दछ । अन्ततः नेपाली क्रान्तिको भविष्य नेपालका क्रान्तिकारी पार्टी र नेपाली जनतामा निर्भर हुन्छ ।

***कमरेड, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको अध्यक्ष समेत हुनुहुन्छ । चैत्र २४ गते मोर्चाको राष्ट्रिय सम्मेलन राख्नु भएको छ । यसको आवश्यता, महत्व र तयारीका विषयमा केही बताइदिनुस् न ।***

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल एउटा क्रान्तिकारी संयुक्त मोर्चा संगठन हो । यो नेपाली क्रान्तिको तीन जादुगरी हतियार मध्येको एउटा हतियार हो । यसको प्रथम ऐतिहासिक राष्ट्रिय सम्मेलन आगामी चैत्र २४ गते काठमाडौंमा सम्पन्ने गर्ने निर्णय भएको छ । यसको तयारी एउटा जनआन्दोलनका बीचमा हुँदैछ । फागुन ७ गतेदेखि २१ गतेसम्म 'मेची महाकाली जनजागरण तथा जनपरिचालन अभियान' सञ्चालनपश्चात बृहद् जनपरिचालनसहित सम्मेलनको उद्घाटन चैत्र २४ गते सम्पन्न गरिने कार्यक्रम रहेको छ ।

***अन्तमा, यस ऐतिहासिक अवसरमा सहिद तथा वेपत्ता परिवार, घाइते तथा अपाङ्गलगायत जनयुद्धमा प्रत्यक्ष तथा परोक्षमा रूपमा जोडिएको जनताको विशाल पंक्तिलाई के अपील तथा आव्हान गर्न चाहनु हुन्छ ?***

उहाँहरू सबै हाम्रा सम्मानित र प्रेरणाका स्रोत हुनुहुन्छ । केही जनयुद्धको नेतृत्व गर्ने नेताहरूले सहिद, बेपत्ता र अपाङ्ग तथा परिवारजनप्रति गरिएको विश्वासघात, धोका र अपमानले वहाँहरूमा जुन पीडाबोध भएको छ, त्यसको मर्म हामीले बुझेका छौं । वहाँहरूप्रति सच्चा सम्मान वहाँहरूले देखाएको बाटोमा अघि बढ्नु नै हो । त्यो काममा हामी निरन्तर अघि बढ्ने हाम्रो प्रतिबद्धता छ । वहाँहरू सबैलाई पनि फेरि हुने क्रान्तिकारी आन्दोलनलाई अघि बढाउनका लागि प्रेरणाका रूपमा अघि बढ्नका लागि हामी अपील गर्न चाहन्छौं ।

- **महान जनयुद्धको उद्देश्य नेपालमा राजतन्त्र समाप्त पारेर जनगणतन्त्रको स्थापना गर्नु थियो ।**
- **क्रान्तिको महत्वलाई स्थापित गर्नका लागि रातो मार्चपास महत्वपूर्ण सावित हुनेछ ।**
- **अहिले देशको राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताको रक्षाको प्रश्न संगीन अवस्थामा पुगेको छ । संघीयताको नाममा संघीयतालाई नै कुरूप बनाउने र दलाल, नोकरशाही पुँजीपति वर्गको गणतन्त्रलाई नै जनयुद्धको माग हो भनेर जनतामा भ्रम पार्ने काम शाषक वर्गका पार्टीहरूबाट भइरहेको अहिलेको अवस्थामा क्रान्तिका लागि उत्सर्ग गरेका महान नेपाली जनतालाई वास्तविकता बुझाउने काम अत्यन्त महत्वपूर्ण बन्न गएको छ ।**
- **नेपाली क्रान्ति नयाँ परिवेशमा तीब्रतामा अघि बढ्ने कुराका पर्याप्त संकेतहरू देखापरेका छन्, जसले हामीलाई उत्साहित बनाइरहेको छ ।**
- **नयाँ व्यवस्था र नयाँ संविधानमार्फत् "समृद्ध नेपाल" र "सुखी नेपाली"को प्रलोभनको पनि मोहभंग भएको छ र जनता क्रान्तिकारी विकल्पको खोजी गरिरहेका छन् ।**
- **प्रचण्डले 'फेरि अर्को माओवादी जन्मन सक्ने' भनेर एमालेका नेताहरूलाई तर्साउन खोजेका छन्, त्यसमा कुनै तुक छैन ।**
- **नेपाली क्रान्तिको भविष्य नेपालका क्रान्तिकारी पार्टी र नेपाली जनतामा निर्भर हुन्छ ।**
- **देजमो नेपाली क्रान्तिको तीन जादुगरी हतियार मध्येको एउटा हतियार हो । जनआन्दोलनकै रूपमा चैत्र २४ को यसको राष्ट्रिय सम्मेलनको तयारी भइरहेको छ ।**

# ‘प्रचण्ड संकट’ मा पुष्पकमल दाहाल



काठमाडौं । भेनेजुएलाको विषयलाई लिएर प्रधानमन्त्री केपी शर्मा ओली र नेपाल कम्युनिष्ट पार्टीका अर्का अध्यक्ष पुष्पकमल दाहाल बीच निकै कटुता उत्पन्न भएको छ । यो कटुता दाहालका लागि ‘म भेनेजुएलाको बारेमा पार्टीको तर्फबाट दिइएको वक्तव्यमा अडिग छु’ भन्ने र ओलीका शब्दमा ‘दाहालजी चिप्लनु भयो’ भन्नेमा सीमासम्म पुगेको छ । पूर्व एमाले र पूर्व माओवादी केन्द्र बीचमा सांगठनिक एकता प्रक्रिया अझैं पूरा नभएको अवस्थामा यसले यी दुवै पूर्व पार्टीहरूलाई आआफ्नो सुर र तालको अवस्थामा पुर्‍याएको छ ।

अध्यक्ष दाहाल भेनेजएलाको पक्षमा बहस सिर्जना गर्न लागि परेका छन् भने ओली पक्षधर यो कुरालाई उडाउन लागिपरिरहेका छन् ।

प्रधानमन्त्री ओली भने मर्यादाक्रम र विषयको ख्यालै नगरी अमेरिकी तथा युरोपीय देशका राजदूतहरूलाई भेट गर्दै माफी माग्ने र दाहाललाई भिन्न राजनीतिक र वैचारिक ट्रेन र ढर्राबाट आएको भनी ब्रिफिङ गर्ने गरिरहेका छन् । उनले दाहालको वक्तव्यको त्यति धेरै तुक नभएको र अनावश्यक तरंग सिर्जना गर्न खोजिएको भन्दै उडाउन थालेका छन् । ओलीले ‘भोलिपल्ट म डाबोसबाट आउँदै थिएँ, अघिल्लै दिन वक्तव्य नदिई नहुने केही कारण परेको थिएन’ भनी भेट भएका पश्चिमाहरूसँग भनिरहने गरेका छन् ।

ओलीको हेराइमा दाहालको भेनेजुएली वक्तव्य आफ्नो ‘गाथगादी’ विरुद्धमा भएको बुझाइ छ । उनले दाहालको वक्तव्यमा प्रयोग गरिएको भाषा पनि उपयुक्त नभई ‘रफटप’ भएको बताएका छन् ।

तर दाहालको बक्तव्यमा भने भेनेजुएलाको आन्तरिक मामिलामा भएको हस्तक्षेप र साम्राज्यवादी कुको प्रयास अस्वीकार्य भनी बताइएको छ । संयुक्त राष्ट्र संघको बडापत्र र शान्तिपूर्ण सहअस्तित्वमाथि गम्भीर चुनौतीका रूपमा दाहालले व्याख्या गर्दै गर्दा ओलीले भने ‘बेला न कुबेला भेनेजुएला’ भन्दै मजाकमा उडाउँदै ‘कोही एक जना साथीले निकालेको वक्तव्यमा देश/देशको सम्बन्ध अडेको हुँदैन भन्ने गरेका छन् । ओलीले अमेरिका जस्तो विशाल र सबल मुलुकले नेपालजस्तो सानो देशका मान्छेले निकालेको वक्तव्यमा चित्त दुखाउन नहुने कुरा दोहर्‍याइरहेका छन् ।

**किन छन् दाहाल संकटमा ?**

पुष्पकमल दाहाल निकै संकटमा छन् । उनी पार्टीभित्र पनि संकटमा छन् । उनी पार्टी बाहिर पनि संकटमा छन् । उनले जनयुद्ध ताकाका झुपडीका जनता, कार्यकर्ता र नेताहरूलाई छाडे । उनलाई पनि झुपडीका सबैले छाडे । केवल मुट्ठीभर नवसंभ्रान्तका नेता बन्न पुगे दाहाल । जनयुद्ध गरी काठमाडौं आए पछि दाहालले एकपटक पनि झुपडीका नाममा संबोधन गरेनन् । आखिर जनताले छाडे पछि एक्लिन पुगेका दाहाल हाडछाला जोगाउनका लागि एमालेभित्र छिरे ।

दाहाल जुन धरातल र जगबाट आएका थिए, ती सबै उनले परित्याग गरे । उनले ती सबै ‘अन्त्य’ गरिएको घोषणा गरे । त्यसमा जनताले त्यति धेरै चासो पनि दिएनन् । आफ्नो घर भत्काएर अर्काको घरमा शरण लिन पुगेका दाहाल अहिले कोलमा चिउरी पेलिए झैं पेलिएका छन् । उनका पछि लागेकाहरूले पनि दाहाललाई फेसबक वाल तथा ट्वीटरमा ओलीको ‘हनुमान’ सम्म पनि भन्ने गरेका छन् । यसले पनि उनलाई केही उत्तेजित र तरंगित हुने बनायो ।

यी त तरंगका कुरा भए । तर यथार्थ कुरा के हो भने आफू हुर्केबढेको जग नै आफैले भत्काएका, आफू बसेको घर नै जलाएका, आफ्ना अनन्य सहयोगीलाई लात हानेका, झुपडीका जनतालाई हेपेका धुन्धुकारी दाहाल अर्काको घर, आँगन र चिनो चौपारीमा रजाइँ गरेर बसुँला नै भन्ने मूर्खतापूर्ण सोच केवल दिवासपना मात्र हो ।

# ओलीको बयल गाडामा नेपालको संघीयता

काठमाडौं । ओली सरकारले नेपालको संघीयतालाई बयल गाडामा लादेर गतिदिने प्रयास गरिरहेको छ । यसको अर्थ हो नेपालको संघीयता गतिहीन बनेर गएको छ । संघीयता निर्माण भएपछि संयुक्त राज्य अमेरिकामा ५१ राज्य वा देशहरूले जुन एकता, सहकार्य र गति दिएर आफ्नो देशलाई विकास र समृद्धिको उचाइ दिलाए, नेपालमा त्यो संभव भएन ।

सोभियत रुसको कुरा गर्‍यौं भने पनि साम्राज्यवादी पुँजीवादी हस्तक्षेपका विरुद्ध रुसी तथा साइबेरियन अनि केही युरोपीयन राज्यहरू पनि सोभियत युनियन निर्माण गरी विसाल रुस खडा गर्न सफल भए । लेनिन-स्टालिनको नेतृत्वमा यसको विकास र गरिमाले यति धेरै उचाइ चुम्यो कि हाल पूर्व रुस १५ वटा गणराज्यमा विभाजित भए पनि रुस आज पनि विश्वको दोस्रो फौजी शक्ति राष्टका रूपमा गणना गरिन्छ ।

अमेरिकी पुँजीवादी र रुसी समाजवादी संघीयताको यी भिन्न मोडलहरू आफैमा नमुना बने पुँजीवादी र समाजवादी विचारधाराहरूका लागि । यी दुवैमा संघीयता भनेको शक्ति, एकता, रूपान्तरण, विकास र समृद्धिको समुच्चय बन्न पुग्यो । तर नेपालमा संघीयता ‘बाँदरको हातमा नरिबल’ बन्न पुग्यो । गणतान्त्रिक आन्दोलन हुँदा ‘बयलगाडा चढेर अमेरिका पुग्ने सपना’ भनी खिसिट्युरी गर्ने ओली अहिले त्यही गणतन्त्रमा निर्वाचित दुईतिहाई सरकारका प्रधानमन्त्री छन् ।

नेपालको सन्दर्भमा संघीयताको विडम्वना के भयो भने गणतन्त्रका विरोधी नै गणतन्त्रपछि सरकारमा पुगे । अहिले नेपालको संघीयता र गणतन्त्र ओलीको गाडामा लादिएको छ । उनीसँग न त भिजन छ, न त नीति तथा कार्यक्रम नै । राणा शासनको अन्त्य गरिने तर राणा मोहनशमशेर नै अन्तरिम संसदीय व्यवस्थाका प्रधानमन्त्री हुने, पञ्चायतको अन्त्य गरिने तर पञ्चहरू नै अन्तरिम सरकारमा सहभागी हुने, गणतन्त्र स्थापना गरिने तर गणतन्त्र विरोधीहरू नै सत्तामा हर्ताकर्ता बनेर रहने गर्दै गर्दा संघीयता कार्यान्वयन गर्दा दुईतिहाईको सरकार प्रमुख नै संघीयता र गणतन्त्र विरोधी ओलीहरूको रजाइँ चल्ने गरी इतिहासले निकै नै मजाक गरिरहेको छ ।

यो भन्दा पनि गजबको मजाक त संसदीय व्यवस्थाका विरुद्ध लडेका पुष्पकमल दाहालजस्ता नेताहरू संसदको टाँगमुनी छिरेर झर्ला र खाउँला भनी टुलुटुलु हेर्न विवश भएका छन् । एमालेको २०२८ सालको झापा विद्रोहको केही थोरै भए पनि ‘लिगेसी’जोडिएको देखिन्छ । नेपाली कांग्रेसमा २००७ सालको लिगेसी धुमिल देखिए पनि जोडिएको देखिन्छ । तर पुष्पकमल दाहालहरूले त आफ्नो २०५२ सालको लिगेसीसमेत् निमिट्यान्न पारिसकेका छन् । आफ्नो इतिहास नै सिध्याएर एमालेको टाँगमुनि बास माग्न पुगेका छन् ।

## अब जनविद्रोहमार्फत...

प्रतीकले यस्तो बताएका हुन् । उनले प्रचण्ड-बाबुरामहरूको गद्दारीका कारण जनयुद्धमार्फत् संसदीय व्यवस्थालाई उखेर फाली मुलुकमा नयाँ जनवादी व्यवस्था स्थापना गर्ने उद्देश्य पूरा हुन नसकेको र जनयुद्धले धक्का खाएको चर्चा गर्दै अब जनविद्रोहमार्फत् नयाँ जनवादी व्यवस्था स्थापना गर्न सकिने बताए । क्रान्तिकारी माओवादी अहिले नयाँ जनवादी क्रान्तिको तयारीको चरणमा रहेको चर्चा गर्दै नेता प्रतीकले त्यही अभियान अन्तर्गत नयाँ ढंगको क्रान्तिकारी पार्टी, क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी जनसेना निर्माणको दिशामा अगाडि बढिरहेको समेत बताए ।

सम्मेलनलाई पार्टीका पीविएम ता १ नं. प्रदेश सचिव लालबहादुर, पार्टी केस तथा सुनसरी इन्चार्ज मनोज, केस तथा पार्टी प्रदेश प्रचार विभाग प्रमुख गणेश, धनकुटा इन्चार्ज मोहन, मोरङ सेक्रेटरी बादल लगायत नेताहरूले सम्मेलन सफलताको शुभकामाना राखेका थिए । सम्मेलनमा पार्टी केस तथा झापा इन्चार्ज रत्न, केस तथा मोरङ इन्चार्ज उदय लगायत नेताहरूको उपस्थिति रहेको थियो । झापाको सुरुङ्गामा भएको सम्मेलनको अध्यक्षता विमलले गरेका थिए भने सञ्चालन सुमनको रहेको थियो । निर्वाचित कमिटिको पहिलो बैठकबाट जिल्ला सेक्रेटरीको चयन गरिने बताइएको छ ।

## ओली–प्रचण्डहरू...

पुष्पकमल दाहाल‘प्रचण्ड’हरू कम्युनिस्ट होइनन् भनेका छन् उनले उनीहरूलाई विदेशी दलाल भएको आरोप लगाएका छन् । दैलेखको चामुण्डाविन्द्रासैनीमा भएको जनसभालाई शुक्रबार सम्बोधन गर्दै नेता श्रीसले यस्तो बताएका हुन् ।

ओली नेतृत्वको सरकारले दलाल र भ्रष्टहरूलाई संरक्षण गर्ने र विदेशीहरूको दलाली गर्नेभन्दा अरु केही नगरेको भन्दै नेता श्रीसले उनीहरूले आफूलाई कम्युननिस्ट र वाम भनेर जनतामा भ्रम छर्ने काम मात्रै गरेको बताए । ओली सरकारको एक वर्षे अवधिको सबै सुचकांकले यो सरकार पूणृतः असफल भएको दावी गर्दै उनले अब जनताले विकल्पको खोजी गर्न थालेको र अबको विकल्प भनेको नेकपा (क्रान्तिकारी माओवादी) र जनताको संघीय गणतन्त्र नै भएको समेत दावी प्रस्तुत गरे ।

सभालाई क्रान्तिकारी माओवादीका केस तथा कर्णाली प्रदेशका कार्यवाहक सचिव कृष्ण गुरुङ, केस तथा दैलेख इन्चार्ज दिपकबहादुर शाहीलगायतका नेताहरूले सम्बोधन गर्दै मुलुकमा दलाल, तस्कर र माफीयाहरूको राज भएको भन्दै त्यस्ता प्रवृतिका विरुद्ध जनकारबाहीको प्रकृया अघि बढाउन आवश्यक रहेको र पार्टीले त्यसको थालनी पनि गरिसकेको बताएका थिए । जनसभा आयोजक नगर कमिटीका सेक्रेटरी मोहन शाहीको अध्यक्षतामा सम्पन्न उक्त जनसभामा जिल्ला सेक्रेटरी विरेन्द्र शाही अशोक लगायतले समेत सम्बोधन गरेका थिए भने सभाको सञ्चालन विश्वप्रकाश चौलागाईले गरेका थिए ।

जनसभामा क्रान्तिकारी माओवादीको कर्णाली प्रदेश सदस्य गंगे कामी, अखिल नेपाल महिला संघ (क्रान्तिकारी)की केन्द्रीय सदस्य कमलाचन्द्र शाही, अखिल (क्रान्तिकारी)का केन्द्रीय सदस्य हिक्मत शाही, हिमाल बिक, क्रान्तिकारी युवा लिग दैलेखका संयोजक सुरेन्द्र विक लगायतको उपस्थिति रहेको थियो । । सभामा विभिन्न पार्टी परित्याग गरी दर्जनौंको संख्यामा पार्टी प्रवेश गरेका थिए । सभाका प्रमुख अतिथि तथा पार्टी स्थायी समिति सदस्य रामसिंह श्रीसलगायत अतिथिहरूले अवीर माला लगाएर पार्टी प्रवेश गराएका थिए ।

## क्रान्तिकारी माओवादी...

विन्दा, कुमारी, नवीन, आकाश, आलेख, मानबहादुर, अञ्जना, प्रभात, कृपाराम, निशानलगायत रहेका छन् । विवेकको अध्यक्षता तथा सञ्चालनमा सम्पन्न भेलामा जिल्ला इन्चार्ज जीवनको विशेष आतिथ्यता रहेको थियो । भेलालाई सम्बोधन गर्दै प्रमुख अतिथि कमरेड सागरले वैचारिक, राजनीतिक तथा संघर्षका योजना कार्यान्वयनका बारेमा प्रशिक्षणनात्मक मन्तव्य राखेका थिए ।

## जनयुद्धका सहिद...

काम अगाडि बढाएर सत्य, तथ्य बाहिर ल्याउन जोडदार माग गरिएको छ । समाजको १८ माघमा सम्पन्न बैठकले पार्टीको सम्बन्धित तहसँग समन्वय गरी सहिद पार्क निर्माण, बाटिका निर्माण, शालिक निर्माण तथा सहिद बेपत्ता योद्धाहरूको जीवनी प्रकाशन गर्न समेत पहल गर्ने निर्णय गरेको वक्तव्यमा उल्लेख गरिएको छ । समाजले आगामी बैशाखसम्ममा संगठनको राष्ट्रिय भेलाको तयारी गर्ने समेत संयोजकद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ ।

## सुदुर पश्चिम विश्वविद्यालयमा अखिल क्रान्तिकारीको संगठन बिस्तार

● धनन्जय अवस्थी

कञ्चनपुर । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल क्रान्तिकारीले सुदूर पश्चिमाञ्चल विश्व विद्यालय मातहत र यससँग सम्बन्धनप्राप्त उच्च शिक्षालयहरूमा घनिभूत रूपमा आफ्नो संगठन निर्माण अभियान अघि बढाएको छ । संगठन विस्तार अभियानका क्रममा सुदूर पश्चिमाञ्चल विश्वविद्यालय सूचना तथा प्रविधि संकायमा अध्ययनरत वामदेव भट्टको नेतृत्वमा ११ सदस्यीय कमिटी निर्माण गरिएको छ । विभागीय कमिटी अध्यक्ष वामदेव भट्टको अध्यक्षतामा निर्माण गरिएको उक्त कमिटीको उपाध्यक्षमा उज्ज्वलकुमार धामी, सचिवमा महेशराज जोशी,सहसचिवमा संगिता पनेरु रहेका छन् ।

उक्त कमिटीका सदस्यहरूमा शिव पाण्डे लगायत ११ जना रहेको बताइएको छ । यो अभियानको अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य टेकेन्द्र साउद्वारा सफलतापूर्वक अगुवाइ भइरहेको पनि बताइएको छ । निकै उत्साहका साथ अघि बढिरहेको क्रान्तिकारी विद्यार्थीको यो अभियानमा सुदूर पश्चिमाञ्चल विश्व विद्यालयकै वातावरण विज्ञान विभागमा पनि एउटा सशक्त कमिटी निर्माण गरिएको छ । उक्त कमिटीको नेतृत्वमा कुलबहादुर पुनमगर रहेको बताइएको छ । यो कमिटी पनि ११ सदस्यीय रहेको बताइएको छ ।

उक्त वातावरण विज्ञान विभागीय कमिटीका अन्य पदाधिकारीहरूमा उपाध्यक्ष शारदा भट्ट, सचिव रमेश भट्ट, सहसचिव राशी मल्ल रहेको बताइएको छ । कमिटीका सदस्यहरूमा सन्तोष साउद लगायत ११ जना सदस्यहरू रहेको बताइएको छ । अभियानका क्रममा सुदुर पश्चिम विश्व विद्यालयका सबै विभागमा कमिटी निर्माणका कार्यक्रमहरू रहेको पनि साउँदले बताएका छन् । इकाइ कमिटीहरू निर्माणका साथै यी सबैलाई समेटेर मूल कमिटीहरू पनि विना ढिलाइ निर्माण गरिने बताइएको छ । हाल इकाई निर्माणका यी सबै कार्यक्रमहरू क्रान्तिकारीका केन्द्रिय सदस्य टेकेन्द्र साउदको आतिथ्यता र पहलकदमीमा सम्पन्न भएका छन् ।

# ललितपुर महानगरको २२ नं. वडामा देजमोको कमिटि गठन

ललितपुर । ललितपुर महानगरपालिकाको वडा नं. २२ मा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको वडा कमिटि गठन गरिएको छ । मोर्चाका केन्द्रीय सचिवालय सदस्य पवनमान श्रेष्ठको प्रमुख आतिथ्यतामा २६ माघमा सम्पन्न एक भेलाले उक्त कमिटि गठन गरेको हो । भेलाले नविन महर्जनको संयोजकत्वमा १७ सदस्यीय वडा कमिटि गठन गरेको छ । उक्त कमिटिका सदस्यहरूमा हरिभक्त महर्जन, रजक महर्जन, विवेस श्रेष्ठ, राजन शाक्य, सुजन शाक्य, अरुण तुलाधर, नरेश माली, शैलेश शाक्य, अमित शाक्य, रितेश बज्राचार्य, दिलिप शाक्य, मणिरत्न बज्राचार्य, प्रेमभक्त महर्जन लगायत रहेका छन् । भेलाले क्रान्तिकारी युवा लिगको वडा



संयोजकमा आशिष खड्गीलाई चयन गरेको छ ।

भेलामा क्रान्तिकारी युवा लिगका केन्द्रीय अध्यक्ष अमीर महर्जन, अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल, नेवाः राष्ट्रिय मुक्ति मोर्चाको केन्द्रीय महासचिव शिव श्रेष्ठ, नेकपा (क्रान्तिकारी माओवादी) ललितपुरका सचिव श्याम केसी, देजमो ललितपुर संयोजक इन्दिरा अधिकारी, क्रान्तिकारी माओवादी महालक्ष्मी नपा इन्चार्ज अर्जुनलाल श्रेष्ठ, गोदावारी नपा इन्चार्ज जगदिश्वर महर्जन, ललितपुर क्रान्तिकारी युवा लिगका संयोजक रमन श्रेष्ठ लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

## क्रान्तिकारी माओवादीको प्रचार विभागद्वारा दुई दिने आधारभूत पत्रकारिता तालिम सञ्चालन




काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) १ नं. प्रदेश समितिले प्रदेश स्तरीय पत्रकारितासम्बन्धी दुई दिने तालिम कार्यक्रमको सञ्चालन गरेको छ । पत्रकारितासम्बन्धी तालिम कार्यक्रमको उद्घाटन पार्टीका स्थायी समिति सदस्य तथा कार्यक्रमका प्रमुख अतिथि प्रतीकले गरे । पार्टीका प्रवक्ता समेत रहेका प्रतीकले आज सुनसरीको इटहरीमा पत्रकारिता सम्बन्धी तालिमको उद्घाटन गरेका हुन् । पार्टीका प्रचार प्रसार विभागका प्रदेश प्रमुख गणेश कटुवालको अध्यक्षतामा भएको उक्त कार्यक्रमको उद्घाटन सत्रको सञ्चालन दामोदर पाण्डेल गरेका थिए भने कार्यक्रममा पार्टी पीविएम तथा १ नं. प्रदेश सचिव लालबहादुर, पार्टी केस मनोज, क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सचिव रामकुमार श्रेष्ठ, पार्टीका केन्द्रीय प्रचार विभागका सदस्य विधुर ढकालल‌गायतका नेताहरू अतिथिको रूपमा उपस्थित रहेका थिए । कार्यक्रममा प्रमुख अतिथि र क्रान्तिकारी पत्रकार महासंघका सचिव श्रेष्ठले शुभकामना मन्तव्य राखेका थिए ।


उद्घाटन कार्यक्रम सकिएलगत्तै अहिले पत्रकारितासम्बन्धी आधारभूत तालिम सुरु भएको थियो । तालिममा १ नं. प्रदेशक जिल्लाहरूबाट प्रशिक्षार्थीहरूको सहभागिता रहेको थियो । २४ माघमा क्रान्तिकारी पत्रकार महासंघको प्रदेशस्तरको भेला समेत सम्पन्न गरी प्रदेशस्तरीय कमिटी निर्माण गरेको छ । क्रान्तिकारी पत्रकार महासंघ आउँदो फागुन २९ र ३० गते राष्ट्रिय सम्मेलनको तयारीमा जुटेको छ । यसअघि महासंघले ३, ४ र ७ नं. प्रदेशमा भेला सम्पन्न गरिसकेको छ

## देजमो बाग्लुङको सम्मेलन सम्पन्न



बाग्लुङ । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल बाग्लुङको सम्मेलन सम्पन्न भएको छ । सम्मेलनले १७ जनाको जिल्ला कमिटि गठन गरेको छ । जसको अध्यक्षमा हेमेन्द्र घर्तिमगर, उपाध्यक्षमा ओम बहादुर श्रीपाली, सचिवमा हेमन्त विश्वकर्मा, कोषाध्यक्षमा मिठा मगर र सदस्यहरूमा गोविन्द परियार, गुञ्ज बहादुर भण्डारी, गंगा गुरुङ, थरु बहादुर, अमृत छन्त्याल, दल बहादुर हर्मेल (वि.क.), खिम बहादुर वि.क., हर्क रोका, रामजी जि.सी. लगायतका रहेका छन् । सम्मेलनले मोर्चाको जिल्ला सल्लाहकारमा जयबहादुर छन्त्याललाई चयन गरेको छ ।

# साम्राज्यवादी ध्रुवीकरण अन्तर महादेशीय छिनाझपटी



काठमाडौं । बहुध्रुवीय साम्राज्यवाद अहिले प्रकट रूपमा विश्वमा भौगोलिक तथा सांगठनिक पकड विस्तारका लागि होडबाजीमा लागेका छन् । अहिले स्वरूपमा देख्दा व्यापार युद्ध जस्तो देखिए पनि यिनीहरूको यो युद्ध अन्ततः हतियारबद्ध युद्धमा परिणत हुन सक्ने संभावनालाई संकेत नकार्न सकिदैन ।

पहिलो र दोस्रो विश्व युद्ध एशियाको भूगोलमा लडेको अमेरिकी तथा युरोपीय साम्राज्यवाद तेस्रो विश्व युद्ध पनि एशियाको भूगोलमा लड्न चाहन्छ । यसका लागि पश्चिमा साम्राज्यवादीहरूले तयारी गरिरहेका अनुभूत हुन्छ । यसको संभावित छनौटमा कोरियाली प्रायद्वीप, साउथ चाइना सी र हिन्द महासागर रहेका देखिन्छन् ।

यसका साथै अरब देशहरू हान्ने योजनामा अमेरिका र युरोपीयनहरू रहेका पनि देखिन्छन् । त्यो विश्व युद्धका लागि नभइ एकतर्फी तेल लिनका लागि बढी केन्द्रित रहेको देखिन्छ । यदि अरब देशहरूका विश्वयुद्ध गरिएमा त्यो महाशक्ति देशहरू कसैका लागि पनि फाइदा छैन । तर अमेरिकी तथा युरोपीयहरू भने अरब देशहरूमा 'तेल युद्ध' लडिरहने देखिन्छ ।

क) एशियामा वार्ता दक्षिण अमेरिकामा आक्रमण : संयुक्त राज्य अमेरिकालगायत पश्चिमा साम्राज्यवादी देशहरू अहिले आफ्ना वरिपरि रहेका तर चीन अमेरिकाका समर्थनप्राप्त गरेका देशहरूबाट भोलि लडाइँका बेलामा र हालको अवस्थामा पनि खतरा रहेको देखिरहेका छन् । त्यसैले उनीहरू सबै लागेर ती देशहरूमा चीन-रुस समर्थन प्राप्त सरकारहरूको तख्ता पल्टाउनतिर एकजुट भएर लागि परेका छन् । हाल ल्याटिन अमेरिकामा भेनेजुयलाका सत्तासिन मादुरोको निर्वाचित सरकारलाई अमेरिकासहित युरोप र दक्षिण अमेरिकी देशहरू सत्ताच्युत गराउन लागिपरिरहेका न् ।

यो सँगसँगै आफूहरूको कालो अनुहार छोप्नका लागि अमेरिकी राष्ट्रपति ट्रम्पले एशियामा अवस्थित उत्तर कोरियासँग वार्ताको नाटक गरिरहेका छन् । यसले एशियामा अल्झाउने र दक्षिण अमेरिकामा आफ्नो क्षेत्र क्लियर पार्ने उद्देश्यले यसो गरेको देखिन्छ ।

**ख) सेफ्टी जोन निर्माण**

संभावित विश्व युद्ध वा ठूला खालका युद्धहरूको तयारी गर्दै गर्दा अमेरिका लगायतका पश्चिमा साम्राज्यवादी शक्तिहरूले कम्तिमा युरोप तथा उत्तर-दक्षिण अमेरिकालाई आफ्नो 'सेफ्टी जोन' का रूपमा विकास गर्न चाहेको देखिन्छ । भेनेजुएलामाथि जाइलागेपछि त्यहाँको मिसन सफल भएपश्चात् यिनीहरू मेक्सिको र क्युवामाथि जाइलाग्ने देखिएको छ ।

यो उनीहरूका लागि आफ्नै महादेशभित्रको संभावित बाधा फुकाउन गरिएको कदम हो । यसले एक त उनीहरूको एकछत्र बजार कायम गर्नलाई सहयोग पुर्‍याउनेछ । अर्कोतर्फ, यसले संभावित अलायन्स निर्माणमा सहयोग पुर्‍याउने छ । भेनेजुएला पछि मेक्सिकोसँग हुनसक्ने अमेरिकी हस्तक्षेप र दादागिरीका लागि हाल अमेरिकी सदनमा 'मेक्सिकोको पर्खाल'ले चर्को लफडा खडा गरिरहेको छ । आप्रवासनको मुद्दासँग जोडिएको यो कुरा छिमेकी देशहरूले थोरै पनि अडानका साथ चलाए भने संयुक्त राज्य अमेरिका अप्ठेरोमा पर्ने भने देखिन्छ । यो छिमेकी देशहरूको रबैयामा केही हदसम्म भर पर्दछ ।

**ग) किलिङ जोन निर्धारण**

'सेफ्टी जोन' निर्माणसँगै अमेरिकी तथा युरोपीयहरू किलिङ जोन निर्माणका लागि स्थान छनौटमा लागेका छन् । उनीहरू यी स्थानहरू एशियामा पार्न चाहन्छन् । अमेरिका पहिलेजस्तो जे पनि म गर्छु र मैले नै बजेट खर्च गर्छु भन्ने हैसियतमा देखिएको छैन । उसले विश्वमा स्रोत कब्जाका लागि साझेदारी शक्ति निर्माण गर्ने र ती सबैबाट डलर उठाई कोष जम्मा गर्ने प्रक्रियामा लागेको देखिन्छ । यसले अमेरिका र युरोपका बीचमा केही असमझदारी त कायम गरेको छ, तर यो प्रक्रिया अबका दिनहरूमा अनिवार्य हो भन्ने कुरा पनि स्थापित गराउँदै लगेको देखिन्छ ।

लडाइँका निशाना एशियामा साँधिएका छन् । स्रोतहरू पनि एशियामा नै बढि देखिएका र ती स्रोत कब्जाका लागि अमेरिकी लगायतका पश्चिमा शक्तिहरूका आँखा पनि त्यसैमा गडिएकाले निशानाका क्षेत्रहरू एशियाका देशहरू नै पर्ने देखिएको छ ।

**घ) 'न्युट्रल' वा 'रिजर्भ जोन'मा ध्यान**

वर्तमान शक्ति सन्तुलनको अवस्थालाई लिएर पहिलेका विश्वयुद्ध, पहिलो होस् वा दोस्रो, भन्दा ठूलो समर्थन युद्ध लड्ने देशहरूलाई आवश्यक हुने छ । विज्ञान र प्रविधिले गरेको विकास र सञ्चार जगतमा आएको आमूल परिवर्तनका कारणले पहिले जस्तो सबै कुरा वर्षौं गुपचूप र गुमनाम रहने देखिदैन ।

यसका लागि पनि विश्व जनमत लडाइँ गर्ने देशहरूका पक्षमा देखिनु जरुरी छ । यसलाई मध्यनजर गरेर वर्षौंपछि हुने लडाइँको तयारी साम्राज्यवादीहरूले गरिरहेका छन् । यसका लागि अफ्रिका महादेशमा अमेरिका लगायत रुसचीनहरू निकै ठूलो लगानी लिएर भित्रिइरहेका छन् । यो प्रक्रियासँगै बजार बिस्तार र अलायन्सको दुवै कामहरू एकै पटक विकास र समृद्धिको नाममा गरिरहेका छन् ।

**ङ) 'वार अन ट्रेड' सँगै 'वार अन थ्रेट'**

अमेरिकालगायत पश्चिमा जगतले एकै पटक दुईवटा कदमहरू चालेका छन् । उनीहरूले एकतिर 'वार अन ट्रेड' अर्थात् व्यापार युद्ध चलाइरहेका छन् भने अर्कोतिर 'वार अन थ्रेट' अर्थात् चुनौति विरुद्ध युद्ध एकसाथ लगिरहेका छन् । सामूहिक तथा व्यक्त रूपमा आएको उनीहरूको यो डबल कदम हाल भेनेजुएलामाथि ठोक्किएको छ । यो हेर्दा निकै सामान्य जस्तो देखिए पनि यसैलाई विश्वमा रुसचीन समर्थन सिध्याउने तरिका र साधनका रूपमा यिनीहरूले अघि बढाउने देखिएको छ ।

## ट्रम्प–किम वार्ता : एशियामा अमेरिकी उल्झन



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली राष्ट्रपति किमजोङ ऊनका बीचमा हुने भनिएको वार्ता पक्कापक्की जस्तै भएको छ । दोस्रो शिखर वैठकका रूपमा हुन गइरहेको यो वार्ता भियतनाममा हुने तय भएको बताइएको छ । पूर्व जानकारीअनुसार फेब्रुअरी महिनाको अन्त्यतिर हुने भनिएको वार्ता फेब्रुअरी २७ र २८ मा भियतनाममा हुने भएको हो ।

अमेरिकी चाहनामा हुन गइरहेको यो वार्ता एशियालाई कुनै न कुनै रूपमा बल्झाइरहने तरिकामा आएको छ । विश्वमा साम्राज्यवादी अन्तरर्विरोध चर्किइरहेको र त्यसको चरम अभिव्यक्तिका रूपमा व्यक्त हुनसक्ने संभावित युद्धको आगमनलाई व्यवस्थापन गर्नका लागि यो वार्ता नाडी छामाछामको रूपमा भइरहेको छ ।

पहिलो शिखर वार्तापछि पनि उत्तरकोरियामाथि लगाइएको आर्थिक नाकाबन्दीमा कमी नआएपछि उत्तर कोरिया अमेरिका विरुद्ध निकै क्रुद्ध बनेको छ । यही सिलसिलालाई छोपेर अमेरिकाले फेरि दोस्रो शिखर वार्ताको आयोजना गरेको छ । यसका पछाडीका कारणहरूमा सबैभन्दा राजनीतिक कारणहरूले काम गरिरहेका छन् ।

अमेरिकाले उत्तर कोरियाली राजनीतिक तथा आणविक मुद्दाहरूलाई चीन र रसियासँगको मामलासम्म नजिकबाट जोडेर हेर्ने गरेको छ । चीन र रसियासँगको अमूर्त र अघोषित सेतुका रूपमा अमेरिकाले उत्तरकोरियालाई प्रयोग गरिरहने योजना बनाएको छ । अमेरिकाले रुस र चीनमाथि नाकाबन्दी लगाउँदा पनि कोरियामा आफ्नो उपस्थितिका लागि यसलाई धुर्त्याइँपूर्वक प्रयोग गरिरहने छ ।

अर्कोतिर रुस-चीनले अमेरिकी चाल र योजनाहरू थाह पाउन उत्तर केरियालाई वार्तामा सहभागी हुन सुझाव र सहयोग गरिरहने देखिन्छ । ट्रम्प-किम दोस्रो शिखर वार्ताका बारेमा अमेरिकाले सोचिरहेको खबर पाउने बित्तिकै उत्तर कोरियाली नेता किमले बेइजिङको रेल भ्रमण गरिसकेका छन् । शायद यसको परिपक्वताका लागि त्यसपछि विकसित विश्व घटनाक्रमको मूल्यांकन गर्न फेब्रुअरी २७ भन्दा अघि उनी गुप्त वा खुल्ला रूपमा अर्को पटक चीन भ्रमणमा जाने देखिएको छ ।

## काठमाडौंको टोखा नपाको ७ नं. वडामा देजमोको भेला सम्पन्न



● बद्रीहरि नेपाल

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले काठमाडौंको टोखा नगरपलिकाको ७ नं वडामा भेला सम्पन्न गरेको छ । उक्त भेलाले रामप्रसाद बेलबासेको अध्यक्षतामा ९ सदस्यीय वडा कमिटी गठन गरेको छ । जसमा हरिकला सिग्देल-उपाध्यक्ष, सुमिना राई-सचिव, यज्ञ बहादुर खड्का-कोषाध्यक्ष रहेका छन् भने कुशुम लामा, थिरबहादुर गुरुङ्ग, सेनाम लामा, भरत कार्की, दिलिप राई सदस्यमा चयन भएका छन् ।

अखिल नेपाल महिला संघ (क्रान्तिकारी) टोखा नगर कमिटीकी उपाध्यक्ष कमला राई कार्कीको अध्यक्षता तथा देजमो नेपाल काठमाडौं जिल्ला अध्यक्ष खगेन्द्र छन्त्यालको प्रमुख आतिथ्यमा सम्पन्न उक्त भेलामा प्रमुख अतिथि छन्त्यालले शुभकामनासहित प्रशिक्षणात्मक मन्तव्य राखेका थिए । उनले देजमो नेपालले मार्क्सको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादलाई आधार मानेर जनविद्रोहमार्फत् केन्द्रिय सत्ता कब्जा गरी नयाँ जनवादी व्यवस्थाको स्थापना गर्ने विश्वास दिलाएका थिए । भेलामा नेकपा (क्रान्तिकारी माओवादी) नगर सचिव वियोगी र अखिल नेपाल महिला संघ (क्रान्तिकारी) टोखा नगर कमिटीकी अध्यक्ष रूपा अधिकारी रिजाललगायतले शुभकामना मन्तव्य राखेका थिए ।

गोपाल बहादुर कार्कीले अध्यक्षता गरेको उक्त भेलाको सञ्चालन बद्रीहरि नेपालले गरेका थिए ।

## ईयुबाट अलग्गिदा बेलायत–आयरल्याण्डबीच तनाव



काठमाडौं । प्रधानमन्त्री टेरिजा मेले युरोपियन युनियनबाट बेलायत बाहिरिने ब्रेक्जिट सम्झौताबाट पछि नहट्ने बताएकी छिन् । उनको यो भनाइसँगै यसले बेलायत र आयरल्याण्ड बीचको सम्बन्धमा थप तनाव पैदा गरेको छ । युरोपीय युनियनसँग जोडिएको उत्तरी आयर ल्याण्ड र बेलायतको आयरल्याण्ड बीचको सिमानामा ब्रेकजिटपछि निकै कडाइ गरिने भनिकाले यो तनाव पैदा हुन गएको हो ।

यद्यपि ब्रेक्जिटको प्रस्ताव भने बेलायती संसदबाट पास हुन सकेको छैन र उल्टै प्रधानमन्त्री मेले राजीनामा दिनु पर्छ भनी जोडदार आवाज पनि उठिरहेको छ । संसदमा असफल प्रम मे भने ब्रेकजिट कार्यान्वयन हुने र गरिने पक्षमा नै रहेकी छिन् । विपक्षी लेबर पार्टीले भनेअनुसार संशोधन गरेरै भए पनि ब्रेकजिट गरिने आशय मेले प्रकट गरेकी छिन् । यदि विपक्षी दलको यो कुरा मेलाई स्वीकार्य छ भने बेलायत ब्रेकजिटको विषयलाई लिएर अर्को जनमतसंग्रहमा जाने छ । यसका लागि प्रम मेले आउँदो साता प्रस्ताव लिएर दुवै सदनमा जाने छिन् ।

युरोपीय युनियनबाट ब्रिटेन अलग हुनका लागि गरिएका सबै गृहकार्यका रूपमा संसदमा पेश गरिएको प्रस्ताब अस्वीकृत भएपछि अन्यौलता बढेको छ । यो अन्यौलता चिर्न र आफूले ल्याएको ब्रेकजिटको प्रस्ताव पारित गर्न मे मरेर लागि परेकी छिन् किनकि यो उनको राजनीतिक जीवनको आन्तिम, तर महत्वपूर्ण राजनीतिक क्यारियर बनाउने एजेण्डा हो । यदि प्रम मे यो एजेण्डामा असफल भइन् भने उनको दुई दशकको राजनीतिक क्यारियर पूरै असफल भएको मानिने छ ।

यसलाई सफल बनाउन प्रम मेले अर्को एउटा कुराको पनि बलिदानी गर्नुपर्ने छ । त्यो हो, उत्तरी आयरल्याण्ड र र बेलायती आयरल्याण्ड बीचको सिमानामा कडाइ कम गरिनु पर्ने बेलायती नीति निर्माण । यसका लाागि निकै भावुक र आवेशपूर्ण सम्बोधनहरू प्रम मेले निकै पटक गरिसकेकी छन् । उनले ब्रेक्जिट डिललाई बेलायतको भविष्य भनेर दोहर्‍याईतेहर्‍याई संबोधन गरिरहेकी छिन् । उनले आफू सत्तामा रहेको अवधिको अन्तिममा बेलायत तथा बेलायती जनताका लागि ब्रेकजिटजस्तो अविस्मरणीय काम गरेर जाने कुरामा समेत् जोड दिइरहेकी छिन् ।




## नियात्रा

# मानसपटलमा २०५२ फागुन १ को जनयुद्ध

● हेमन्त

२०५२ माघ २९ गते बेलुका ८.० बजे पसलका ढोकाहरू एकपछि अर्को बन्द हुँदै थियो । गाडीहरू पनि ग्यारेज पुगिसकेका भएर होला प्रायः देखिदैन थियो । असनको तरकारी बेच्ने फुटपाथ खाली थियो । सुजन, प्रधुम्न दुईजना असन चोकमा आ-आफ्ना जिम्मेवारीको प्रतिक्षामा उभिरहेका थिए । उनीहरूलाई ८.० बजे असन चोकमा भेट्ने कार्यक्रम छ भनी अघिल्लो दिनमै खबर भएकाले कार्यान्वयनको लागि ठीक ८:०० बजे उपस्थित भइसकेका रहेछन् ।



शिखरले पाँच दिन अगाडि मलाई एउटा बण्डल ल्याएर यी सामाग्री असन, बाङ्गेमुढा र भेडासिंङ्गमा सर्तकताका साथ टाँस्न जिम्मेवारी दिएका थिए । उक्त दिन र समयमा मात्र यो बण्डल फुकाउनु भन्नु भएको थियो । हामीले पनि आदेश मुताविक उक्त वण्डल असनको मिठाई पसल अगाडि बेलुका ८:०० बजे पछि फुकाएर एकै साथ काम सुरु गर्‍यौं । शहरी इलाकामा विशेष गरी प्रचारात्मक कार्यको आवश्यक थियो । आम जनतालाई सम्बोधन "नयाँ जनवादी क्रान्ति जिन्दावाद ! नयाँ जनवादी सत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौं !! विद्रोह गर्नु जनताको नैसर्गिक अधिकार हो !!!" भन्ने जस्ता नारा लेखिएका र प्रहरी चौकीमा धावा बोलेका सचित्र पोष्टरहरू बण्डलमा थिए ।

असन चोकमा दुधको वुथ, टेलिफोनको क्याबिनबक्समा चारैतिर पोष्टर टाँस्यौं । त्यही अर्को चार पेज भएको कलर पर्चा पनि उक्त बण्डलमा थियो । उक्त पर्चामा उल्लेख हृदयस्पर्शी वाक्य थिए- "हजारौ वर्ष देखिका दासताको जन्जिर तोड्ने र नयाँ प्रजातन्त्रिक पद्धतिको स्थापना गर्ने यो युद्ध अत्यन्तै उकाली अनि घुमाउरा बाटाहरूले भरिएको मात्र हुने छैन । यो पार गर्न वर्षौं, वर्षौं लाग्ने छ तर समुन्नत भविस्य र जनताकाको मुक्तिका निम्त यो एक मात्र बाटो हो ।" त्यतिबेला यस्ता शव्दहरू सुनौला अक्षरसरह थिए । त्यो पर्चाहरू त्यहाँ उभिएका दर्शक र बटुवाहरूलाई एकै साथ हामी तिनै जनाले वितरण गरी भेडासिङ्ग पुग्यौं । त्यहाँ पनि सजिलैसंग काम सक्यौं र अन्त्यमा बेलुका ९:०० बजेसम्म बाङ्गेमुढामा पनि यही तरिकाले काम सकेर हामी तिनै जना आ-आफ्नो गन्तव्य स्थानतिर लाग्यौं ।

देशभरि यो कार्यक्रम भूगोलअनुसार तय गरिएको थियो । हामी कौतुहलमा थियौं कि पहिलो पटक जनवादी क्रान्तिमा आफूले पनि जिम्मेवारी पाइएकोमा हर्षको सीमै रहेन । रातमा सुत्न खेज्दा विगतको राजनीतिक सत्तासीन दल र सरकारको ज्यादती पलपलमा मानसपटलमा आइरह्यो । नक्कली कम्युनिष्ट र कठित प्रजात्रान्त्रिक नेपाली कांग्रेस र मधेशवादी सद्भावना पार्टी र राप्रपा प्रति घृणा लागिह्यो ।

१०४ वर्षे राणा शासनपछि दिल्ली सम्झौताहुँदै २००७ सालमा कथित प्रजातन्त्र आए पनि किसान भिमदत्त पन्त विद्रोह, रौतहट किसान आन्दोलन, लगायत बिद्रोह दबाएर, भारतीय विस्तारवादको सहारमा नेकपा माथि प्रतिबन्ध लगाइयो । देशमा २०१७ मा पुन सामन्ती शासन कायम हुन पुग्यो । जसका विरुद्ध हर्रेबर्रे, झापा आन्दोलन, जुटपानी, जुगेडी, लगायत पश्चिममा किसानहरूले भकारी फोर आन्दोलन पनि चलाउँदै आइरहेका थिए । देशीय सामन्ति, दलाल पुँजीपति, भारतीय विस्तारवाद, अमेरिकी साम्राज्यवादविरुद्ध आवाज उठाउने देशभक्त, जनगणतान्त्रिक शक्तिहरूले पञ्चायतविरुद्ध २०४६ साल फागुन ७ गते संयुक्त वाममोर्चा र संयुक्त जनआन्दोलन संयोजन समिति गठन गरी निरन्तर आन्दोलन जारी राख्ने राजतन्त्र विरुद्ध नारा लागि सकेका थिए ।

अर्ध सामन्ती र अर्ध औपनिवेशिक रूपमा देश रहँदारहदैं विकास गतिमा अवरोध पुगिरहेको थियो । नेपाली जनताको आय आर्जन वार्षिक १२० डलर मात्र थियो । २०४६ चैत्र २६ गते सम्म राजतन्त्रको अन्त र गणतन्त्रको नारा लाग्दा लाग्दै बहुदलीय व्यवस्था स्थापनामा मात्र सम्झौता भयो । नेपाल अर्धसामन्ती र अर्धऔपनिवेशमा गुज्रिरहेको अवस्थामा पञ्चायतको अन्त्य भएर बहुदलीय व्यवस्थाको सुरुआत २०४६ चैत्र २७ गते भयो । जनताले अब गास, बास, कपास, स्वाथ्य, शिक्षा र रोजगार जस्ता दैनिक जिविकोपार्जनका आधारभूत आवश्यकताको अनुभूतिसम्म गर्न पाएनन् । पंचायती कालमा निर्वासित, जेल, नेल, कष्टडी भोगेका नेता र जनताहरू अब त बहुदलीय व्यवस्था आयो भनेर जनताहरू उत्साहित ढंगले अघि बढिरहेका थिए । पञ्चायती कालमा पीडित जनताहरू पनि आउँदो चुनावलाई उत्साहित भएर हेरिरहेका थिए ।

गणतन्त्रवादी जनताहरूलाई चित्त बुझिरहेको थिएन तैपनि सीमति अधिकार भएपनि पंचायत भन्दा बहुदलीय पूँजीवादी भएकोले सभा सम्मेलन, संगठन गर्ने, सरकारका गलत काम कारवाहीमा विभिन्न विरोध स्वरूप अँगालेर विरोध गर्न पाइने भएकोले राजनैतिक दलहरू चुनाव प्रति आकर्षित हुन पुगे र संविधान सभाको चुनाव हुनपर्छ भन्ने मागलाई विर्सिएर २०४८ बैसाख २१ गते आम चुनावमा सहभागि हुन पुगे । नौलो जनवादी क्रान्ति गर्ने पार्टी अब नेकपा एकता केन्द्र र नेकपा मसाल मात्र रह्यो । एकता केन्द्रले पनि संसदमा सरकारको गलत क्रियाकलापको भण्डाफोर गरी नयाँ जनवादी क्रान्तिलाई सहयोग पुर्‍याउने हिसाबले कम्युनिष्टहरूका विभिन्न घटकसंग मिलेर संयुक्त जनमोर्चा बनाएर चुनावमा गयो । संसदमा ९ सीट ल्याउन सफल भयो र संसदको तेस्रो संसदीय दल बन्यो ।

आम चुनाब २०४८ को आगमनसँगै जनताहरू भोट दिने क्रममा वर्गमा विभाजित हुनु स्वभाविक थियो । साम्राज्यवाद, विस्तारवाद र देशीय सामन्तीहरूको प्रतिनिधित्व गरेर नेपाली कांग्रेसले त्यो चुनावमा बहुमत ल्याउन सफल भयो । प्रतिपक्षमा एमाले, संयुक्त जनमोर्चा, नेमकिपा जस्ता वामपन्थी पार्टीहरू रहन पुगेका थिए । यति हुँदाहुँदै गाउँगाउँमा कम्युनिष्ट दलहरूलाई मतदान गरेको आरोपमा सत्ताधारी नेपाली काँग्रेस सरकारले निर्मम दमन गर्न थाल्यो । देशका उद्योगहरू निजीकरण गर्ने र स्वदेशी रोजगार बन्द गरी बेरोजगार सिर्जना गर्न थाल्यो । भ्रष्टाचारलाई प्रोत्साहन दिने र प्राकृतिक नदीनालाहरू महाकाली, पञ्चेश्वर जस्ता संझौता गर्‍यो । जसका विरुद्ध आन्दोलन गर्दा दुर्गम गाउँहरूमा संघर्ष चलाउँदा रोमियो अप्रेशन गरी हजारौ जनतालाई घर छोड्न बाध्य गराइयो । राष्ट्रियताका मुद्दा उठाउँदा तत्कालिन एमाले महासचिव मदन भण्डारीको हत्या गर्न पनि नेका सरकार पछि परेन ।

बहुदलीय व्यवस्थामा ठूला पार्टीले साना पार्टीलाई हेर्ने दृष्टिकोण अनुसार नेकाँ, एमाले, राप्रपा र मधेसी सद्भावनाले जनवादी पक्षधरहरूलाई दमन गर्ने क्रममा पहिलो प्राथमिकतामा राखेको पाइयो । २०५१ असार २६ गते सरकारको नीति र कार्यक्रममा ७४ र ८६ मत परेको हुनाले राष्ट्रघाति प्र. म. गिरिजाले राजिनामा दिएर कार्तिक २९ गते मध्यावधि घोषणा गर्न लगाइयो ।

भाद्र १ गते सं.ज.मो. नेपालद्वारा नेपाल बन्द अभूतपूर्व सफल भएपछि देशैभरि संजमोको तारिफ भयो । त्यो बन्दले सत्तासिन नेपाली काँग्रेस तिरमिरायो । जनकपुर, धनुषा बरमझियाका क. रामवृक्ष यादवमाथि नेपाली काँग्रेस नेतृ नोना कोइरालाको निर्देशनमा भाद्र २ गते गुण्डाहरूद्वारा एउटा चिया पसलमा एका बिहानै नृशंस ढंगले हत्या गरियो । भाद्र २७ गते रुकुमका गणेश शाहको हत्याको अभियोग लगाई क. लोकेन्द्र बिष्ट मगरको गिरफ्तार नेपाली कांग्रेसको सरकारले गर्‍यो । आन्दोलन अझ अघि बढाउने क्रममा २०५१ कार्तिक २९ गतेको मध्यावधि चुनाव संयुक्त जनमोर्चाले सशक्त बहिष्कार गर्‍यो । धेरै मतदान केन्द्रहरूमा मतपेटिका फालिए । रोल्पामा मतपेटीका खाली बनाइदियो । काभ्रे, सिन्धुली, गोरखा, नुवाकोट, रुकुम, प्यूठान, बाग्लुङ्ग लगायतका स्थानमा सयौ बुथमा संजमोद्वारा कार्वाही भए ।

यति हुँदाहुँदै ने.का. भित्र पनि पार्टी अन्तरविरोध बाहिर आएर गिरिजाले मध्यावधि चुनाव घोषणा गरेको उसैलाई अभिशाप भयो । आमचुनावमा एमालेले ८८ सिट ल्याएर अल्पमतको सरकार मार्ग १४ गते बनायो । एमाले सरकारको पालामा पनि ग्रामीण इलाकामा वर्ग सघर्ष चर्कंदै गयो । निर्मम दमन गर्न एमाले सरकार पनि नेपाली कंग्रेसकै बाटो पहिल्यायो ।

उक्त सरकारलाई ३८ सूत्रीय मागपत्र संयुक्त जनमोर्चा नेपालले बुझायो । १०५१ पौष १७ गते त्यहि बीचमा माओवादीले तेस्रो विस्तारित वैठकले भावी योजना बनाएको थियो । फागुनको तेस्रो हप्तामा भारतका गृह सचिव के. पदमनाथ रमैया र एमाले सरकारका वार्ता टोली बीच भारतको सुरक्षा सम्बन्धि अवधारणा नेपालले मान्नुपर्ने प्रस्ताव तत्काल गृहमन्त्री के.पी. ओलीले सहमति जनाएका थिए ।

चैत्र १७ गते हिलारी क्लिन्टनलाई कालो झण्डा देखाएर संजमोले साम्राज्यवादको विरोध गर्‍यो । उक्त कार्यक्रममा पनि सयौं जनालाई एमाले सरकाले गिरफ्तार गर्‍यो । चैत्र २६ गते संजमो नेपालले प्र. म. मनमोहनको भारत भ्रमणमा राष्ट्रघाती सन्धि नगर्न र पुराना राष्ट्रघाती सन्धि खारेज गर्न स्मृति पत्र बुझायो । तर प्र. म. मनमोहन अधिकारीले सबै कुरा सुन्न छाडिदिए । पुनरावलोकनको भ्रम दिन सफल भए, छिन्ताङ्ग र पिस्कर काण्डका हत्याराहरू समेत चोखाइदिए ।

आफ्ना ३८ सुत्रीय मागप्रति वेवास्ता गरेका कारण संजमोले २०५२ बैशाख २१ गते उपत्यका बन्द कार्यक्रम राख्यो र एमालेको १०० दिने कार्यक्रम असफल रहेको घोषणा गर्‍यो । बैशाख २१ गतेको बन्दमा काठमाडौंमा मात्र १५० जना गीरफ्तार गरी सार्वजनिक मुद्दा चलायो । कुर्शीको तिव्र छिनाझप्टि तिब्र रूपका बीच संसदीय पार्टीहरूमा फोहरी खेल फेरि सुरु भयो । मनमोहन अधिकारीले मंसिर ७ गते मध्यावधि चुनाव घोषणा गर्न लगाए ।

मध्यावधि बहिस्कार गर्ने क्रममा साउन २१ गते बागबजारमा संजमोले चुनाव बहिष्कार गर्ने नारा लेख्ने क्रममा चक्रे मिलन गुण्डा प्रयोग गरी अनेट्रेयुका अध्यक्ष दिनेश शर्मा लगायतलाई सख्त घाइते पारे । त्यसको विरुद्धमा २३ गते प्र.म. लाई ज्ञापन पत्र दिन सिंहदरवार जान लाग्दा भद्रकालीमा योगेश भट्टराई, रूपनारायण श्रेष्ठ, कुमार गुरुङ, मिलन कार्की लगायतले तात्कालिन संजमोका अध्यक्ष डा.बाबुराम भट्टराई माथि प्रत्यक्ष खुकुरीद्वारा आक्रमण गरेका थिए । एमाले सरकार पनि साम्राज्यवाद, सामन्तवादको अगाडि घुँडा टेके पनि विशेष गरी साम्राज्यवादको विश्वास लिन सकेन । अल्पमत सरकार नौ महिनामै ढल्यो ।

२०५२ भदौ २२ गते सर्वोच्चको आदेशवाट संसद पुनस्थापना भयो र भदौ २६ गते १०७ पक्षमा र ८३ विपक्षमा रहेर राकस त्रिशंकु सरकार गठन भयो । साम्राज्यवादका विश्वास पात्र शेरबहादुर प्र.म. बने । असोज २३ गते कालिकोटबाट सुरु भएको संजमोको भण्डाफोर सभा कार्यक्रम १ महिनासम्म चलिरह्यो । उक्त कार्यक्रमहरूमा १००० भन्दा बढि सशस्त्र प्रहरी र ६० भन्दा बढि कमाण्डो फोर्स प्रयोग गरेर रोल्पामा मेजर अपरेशन चलायो । रोल्पा, कालिकोट, सिन्धुली, जाजरकोट, बर्दिया, रुकुम, लमजुङ्ग ,नारायणघाट, नेपालगञ्ज लगायतका स्थानमा जनताहरू पनि प्रतिरोधमा उत्रिसकेका थिए ।

मंसिर २२ गते खुल्ला मञ्चमा संजमोले अन्तिम कार्यक्रम राखेर राकस सरकारलाई चुनौती दिइसकेको थियो । पौष १ गते काभ्रेको पाँचखालको आमसभामा राकस सरकारका भिजिलान्तेहरूले आक्रमण गरी सयौं जनालाई घाइते बनाए । २०५२ माघ ४ गते संजमो नेपालको केन्द्रिय समितिको बैठकले संघर्षको घोषणा पत्रकार सम्मेलनबाटै जाहेर गरिसकेका थिए । २०५२ माघ २१ गते सं.ज.मो.नेपालका अध्यक्षसहित प्रतिनिधि मण्डलले राष्ट्रियतासम्बन्धी ९ वटा, जनतन्त्रसम्बन्धी १६ वटा र जनजीविकासम्बन्धी १५ वटा गरी जम्मा ४० सूत्रीय ज्ञापन पत्र प्र.म. शेरबहादुर देउवा समक्ष बुझाइयो ।

ती मागहरू दुई साताभित्रै पूरा हुनुपर्छ भनी भेटेरै स्पष्ट उल्लेख गरि राखिएको थियो । यदि यी मागहरू पूरा नभएमा फागुण ५ देखि सशक्त आन्दोलनको सुरुआत हुने छ । आगामी दिनमा हुने शसक्त संघर्षको बाटोमा उत्रन बाध्य हुने जानकारी गराउँदा गराउँदै तत्कालिन प्र.म. देउवाले ती मागलाई हल्का रूपमा लिए । सं.ज.मो. नेपालको माग पुरा गर्नुको साटो माघ २८ बाट महाकालीको विषयलाई लिएर भारतको प्र.म.को निमन्त्रणामा भारतको एक साता भ्रमणतिर लागे ।

भोलिपल्ट बिहान पत्रिका लिन जादै गर्दा हिजोका सचित्र पोष्टरहरू जस्ताका तस्तै सुरक्षित नै थिए । ती चौकहरूमा प्रहरीहरू तैनाथ थिए । कुनै जिज्ञासुले ती सचित्र पोष्टर नजिकबाट हेरेमा मात्रै पनि गिरफ्तार गरिहाल्थे । यसरी माओवादी जनयुद्धको सचित्र पोष्टरहरू प्रहरीहरूले नै सुरक्षा दिएर जोगाएको र प्रचार प्रसारमा पनि अप्रत्यक्ष रूपमा हामीलाई सघाइरहे झैं लाग्न थाल्यो । मैले मनमनले गृहमन्त्री खुमबहादुरलाई पनि सम्झें कि हाम्रो जनयुद्धको प्रचारमा उनले पनि सघाउन लागेछन् । कान्तिपुर दैनिक लगायतका १ गतेका पत्रिकाहरूमा देशव्यापी कारबाहीका घटनाहरूका समाचार रहेछन् ।

**जनयुद्धको पहिलो योजनाका लक्ष्यहरू :**

१. प्रतिक्रियावादी राज्यसत्ताविरुद्ध नयाँ जनवादी राज्यसत्ता स्थापनाको लागि सशस्त्र संघर्षको राजनीतिलाई स्थापित गर्ने ।

२. नयाँ जनवादी क्रान्तिका लागि संघर्षको मुख्य रूप युद्ध हो भन्ने मान्यतालाई विभिन्न प्रकारका दलहरू र छापामार कार्वाहीहरूको माध्यमद्वारा अभिव्यक्त गर्नु र संगठनको मुख्य रूप सेनामा अभिव्यक्ति गर्नु ।

३. छापामार इलाकालाई आधार इलाकामा बदल्न आधार तयार गर्नु ।

४. प्रचार, प्रसार, सेबोटेज, रेड र सफायाका कार्यक्रमलाई व्यवहारिक रूप दिनु


क) सफाया बाहेक अन्य कार्यक्रमहरू देशभरि व्यापक रूपमा भए । आइलागे जाइलाग्ने नीति अन्तर्गत सफाया आवश्यक पर्छ भन्ने मार्क्सवादी मान्यतामा आधारित थियो ।

ख) रेडहरूमा रोल्पाको होलेरी चौकी र रुकुमको राडी चौकीमा सम्पन्न भए ।

कुनै हातहतियारविना नै सिन्धुली प्रहरी चौकी कब्जा भएछ । त्यहाँका प्रहरीहरूलाई हात बाँधेर सिरक ओढाएर बिछौनामा सुताइदिएका थिए । काभ्रेमा पनि सुदखोर दौलतसिंह दौंगमाथि कारवाही गरेछन् । गोरखामा साना किसानलाई ठग्ने आयोजनाका कागजपत्र जलाइदिए छन् । रुकुम, रोल्पामा 'रेड' कार्वाही भएछन् । सिन्धुपाल्चोक, सल्यान, जाजरकोट, स्याङ्जा, नेपालगंज, धनगढी, धनुषा आदि थुप्रै जिल्लाहरूमा कारवाही भएका रहेछन् । यी समाचारहरू पढेपछि झनै खुशी लाग्यो कि अब जनयुद्धमाथि आइपर्ने जुनसुकै समस्यालाई आफूले गर्नसक्ने सहयोगहरू आर्थिक, नैतिक र भौतिक हरतवरले लागिपर्ने अठोट (प्रतिवद्धता) गर्दै अघि बढ्दै गएँ ।

## कवि कृष्णसेन इच्छुकका कवितांशहरू

### झुल्केघामका राता किरणहरू



● कृष्णसेन 'इच्छुक'

ए ! सानासाना नानी, ए ! प्रिय भाइबहिनीहरू
मिरमिरेपछिका ए ! सुनौला विहानीहरू
नरोउ तिमी मुस्कुराउँदै उठ
नरोउ तिमी जुर्मुराउँदै उठ
पीडाका आरनहरूमा पाइन चढेर
तिमी तेजिलो धार बन्दै उठ
दुःखका आगो ओकल्ने भट्टीहरूमा
तिमी इस्पाती तरबार बन्दै उठ
उठ गरिबीका विरुद्ध लड्ने योद्धा बनेर उठ
उठ विषमताको विरुद्ध लड्ने मोर्चा कसेर उठ
हुर्क तिमी यिनै अभावहरूमा हुर्क
हुर्क तिमी यिनै दबाबहरूमा हुर्क
शिरमाथि सिङ्गो आकाश उचाल्न सक्ने तिमीहरू, बच्चाहरू
बाहुलीमा सम्पूर्ण संसार थाम्न सक्ने तिमीहरू, बच्चाहरू

### शहीद

आकाशका असंख्य ताराहरू मध्ये
एउटा तार झरेर जाँदैमा केही फरक पर्दैन
तर त्यो तारा यदि तिमी भए कुरो अर्कै हो
वगैचाका असंख्य फूलहरूमध्ये
एउटा फूल ओइलिएर जाँदैमा केही फरक पर्दैन
तर त्यो फुल यदि तिमी भए कुरो अर्कै हो
पानसका असंख्य ज्योतिहरूमध्ये
एउटा ज्योति निभेर जाँदैमा केही फरक पर्दैन
तर त्यो ज्योति तिमी भए कुरो अर्कै हो
तिमी असंख्य ताराहरू मध्ये कीर्तिमय तारा 'ध्रुवतारा' हौ
तिमी असंख्य फूलहरूमध्ये सुन्दरफूल लालीगुराँस हौ
तिमी असंख्य ज्योतिहरूमध्ये चम्किलो ज्योति महाज्योति हौ
प्रिय सहिद ! तिमी महान छौ, श्रद्धेय छौ, अमर छौ र युगयुग सदासर्वदा अमर रहनेछौ

### म त किसान हुँ, हलो जोत्छु

कहाँ जोतें मैले खेतबारीहरूमा हलोको सट्टा बन्दुक
म त किसान हुँ, बाली रोप्छु
कहाँ रोपें मैले यस धरतीमा बालीको सट्टा बन्दुक
म त किसान हुँ, अन्न फलाउँछु
कहाँ फलाएँ मैले बस्तीहरूमा अन्नको सट्टा बन्दुक ?
म त मजदुर हुँ, पसिना बगाउँछु
मेरै पसिनाको जोडबलले
फलामपनि गलाएर इस्पात बनाउँछु
किन चाहियो मलाई
मेरै पसिनाका आर्जनहरूको सट्टा बन्दुक
(तिम्रा युद्ध र बन्दुकहरूका विरुद्ध, पृष्ट -८०)

## क्रान्तिकारी युवा...

छन् । युवा नेता उत्तम थापाको अध्यक्षतामा सम्पन्न प्रशिक्षण कार्यक्रमको उद्घाटन कार्यक्रमको सञ्चालन खड्गले गरेका थिए ।

सो समारोहमा विशेष अतिथिको रूपमा पार्टी पीबिएम तथा पार्टीका ४ नं. प्रदेशका निमित्त सेक्रेटरी किशोर, पार्टी केसहरू प्रविण (स्कूलिङ विभाग सचिव),अनुकूल, अरुण, क्रान्तिकारी युवा लिगका केन्द्रीय अध्यक्ष अमीर महर्जन, प्रदेश सदस्य तथा तनहुँ पार्टी सचिव विद्रोह, प्रदेश सदस्य तथा गोरखा पार्टी सचिव अविरल, नवलपुर देजमो अध्यक्ष पिताम्बर तिवारीलगायतको उपस्थिति रहेको थियो ।

प्रशिक्षण कार्यक्रममा प्रमुख अतिथि गजुरेल, विशेष अतिथि किशोर, केन्द्रीय स्कूलिङ विभागका सचिव प्रविण, केसहरू अनुकूल, अरुण र युवा अध्यक्ष अमीर महर्जनले शुभकामना दिएका थिए । प्रशिक्षण कार्यक्रम फागुन १ गते अर्थात् जनयुद्ध दिवसको दिन समापन हुनेछ । प्राप्त जानकारी अनुसार २४ औं जनयुद्ध दिवसको अवसरमा युवा रेड मार्चपासको समेत तयारी गरिएको छ ।

## जनयुद्ध दिवस...

नेता कार्यकर्ता हत्या गरियो प्रहरीद्वारा । राजनीतिक रक्षाको चरणमा "हिट एण्ड रन" थेउरी अपनाइन्थ्यो । रक्षाबाट सन्तुलनमा जनयुद्ध प्रवेश गर्दैगर्दा पुलिस, छतभेसी, जालिफटाहा र जनविरोधी माथि एक्शन गरिन्थ्यो । सबै जिल्लाका जेल र विशेष राजधानी अन्य शहरको जेलमा धेरै माओवादीलाई राखिन्थ्यो । जेदभित्र पनि वैचारिक रूपमा संगठित गरेर परिचालन गरिन्थ्यो । केही ठाउँ गोरखा जेल उमा भुजेल लगायत महिला कमरेडहरूले ब्रेक गर्नु भएको थियो । सेनामाथि जनमुक्ति सेना जाइ लागेपछि वि.सं. २०५८ साल माघ १९ गतेबाट ज्ञानेन्द्रले संकटकाल लागू गर्‍यो ।

जनयुद्ध केन्द्रित, विकेन्द्रित, नसिहत, सफाया, प्रचारात्मक अनेकौं जनकारवाही गरिन्थ्यो । लडाकुदस्ता हुँदै जनमुक्ति सेना बनाई कम्पनी, बटालियन, डिभिजन निर्माण गरियो । १० वर्षको अवधिमा ३१ हजार जनमुक्ति सेना परिचालन गरियो । जनयुद्धको समयमा पार्टी नै सेना जस्तो थियो । धेरैजस्तो जिल्लामा सेना र प्रहरी जिल्ला सदरमुकाम केन्द्रित गरियो । देशको ८० प्रतिशत भूमिमा सत्ता खाली भयो त्यहाँ जनसरकार गठन गरिन्थ्यो । रोल्पा, रुकुम, सिन्धुली र गोरखाबाट सुरु गरिएको जनयुद्ध पश्चिमबाट पूर्व हुँदै देशको ८० प्रतिशत भूभाग कब्जा गर्न सफल भएको थियो नेकपा (माओवादी) ।

नेकपा (माओवादी) र जनमुक्ति सेना जनतामा लोकप्रिय भएको थियो गरीब नेपाली जनताका ढुकढुकी बनेको थियो । महान् जनयुद्धमा प्रत्याक्रमणसम्म आईपुग्दा वैकल्पिक पिविएमदेखि सिसिएम लगायत सम्पूर्ण १६ हजारभन्दा बढी अपांगका योगदानबाट श्रीजित अभियानलाई गद्दार राजनीतिक ठगहरूको मण्डली प्रचण्ड-बाबुरामले बीचबाटोमा छाडी पार्टी, क्रान्ति, देश र जनतालाई धोका दिई नव-संशोधनवादी बाटो लिएकोले क. किरण र सिपी "क. गौरवको" संयुक्त पहलमा वि.सं. २०६९ सालमा 'वौध्द' राष्ट्रिय भेलाबाट नेकपा (माओवादी) बाट नेकपा-माओवादी पुनर्गठन गरियो र वि.सं. २०७० सालमा सातौं महाधिवेशन गरी जनयुद्धको जगमा जनविद्रोह फौजी कार्यदिशा र नयाँजनवादी क्रान्ति राजनीतिक कार्यदिशाबाट नेकपा-माओवादीलाई अगाडि बढाउने क्रममा एकीकृत जनक्रान्ति तथा वैज्ञानिक समाजवाद भन्ने राजनीतिक कार्यदिशा ल्याई राष्ट्रिय भेलामा पेश गर्ने हिमत नराखी २०७१ सालमा नेत्रविक्रम चन्द ' विप्लव'ले पार्टी फुटाए ।

वि.सं. २०७२ सालबाट गद्दार वादलले फेरि पार्टी फुटाएर गएतापनि नेकपा (मसाल) बाट बनेको नेकपा (एकीकृत) र परि थापाले नेतृत्व गरेको पार्टीसँग एकीकरण भई नेकपा (क्रान्तिकारी माओवादी)ले वि.सं. २०७४ असोजमा राष्ट्रिय सम्मेलन गरी नयाँ जनवादी क्रान्ति जनविद्रोह फौजी कार्यदिशासहित संगठन अहिले आएर संघर्ष संगठन संघर्षको चरणमा रहेको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) नेपालको राजनीतिक क्षेत्रमा विकल्पको रूपमा उभिएको छ ।

## नेपाललाई...

सामन्ती, साम्राज्यवादी, विस्तारवादी देशहरूका पुँजीपति वर्ग र हाम्रो देशका दलाल पुँजीपति र सामन्ति वर्ग हुन् । कारण, यी दुई शत्रुहरू नेपाली समाजको वर्तमान चरणका मुख्य उत्पीडकहरू नेपालको प्रगति पथका तगाराहरू हुन् । नेपाली जनतामाथि थिचोमिचो गर्न यी दुईले आपसमा मिलेमतो गर्छन्, अनि साम्राज्यवाद, विस्तारवादद्वारा गरिने राष्ट्रिय उत्पीडन अत्यन्तै कष्टदाई हुने हुनाले यिनीहरू नेपाली जनताको एक नम्बरको अत्यन्तै खतरनाक शत्रु हो ।

विगत देखि साम्राज्यवाद विस्तारवादसँग मिलेमतो गर्ने विशेषतः नेपाली काँग्रेस, र अन्य दलहरू, खुलेआम आत्मासमर्पण गरिसकेका एमाले र माके हाल आएर यी दुवै मिली बनेको डबल नेकपा वा त्यसको तयारीमा लागेका यस्तै अरु सबै नेपाली देशद्रोहीहरू र प्रतिक्रियावादीहरू क्रान्तिका प्रधान शत्रु हुन् । यिनीहरूलाई निर्मूल पारी पठाउन क्रान्तिकारी जनता र क्रान्तिकारी राजनैतिक पार्टी (कम्युनिष्ट पार्टी) ले हाम्रा राष्ट्रिय स्वार्थहरूप्रति गद्दारी गर्ने यस्ता कुतत्वहरूलाई क्रान्तिको प्रहारको एउटा निशाना बनाउन क्रान्तिकारीहरूलाई करै लागेको छ । तर, बहुसंख्यक जनता राजनैतिक चेतनाको अभावमा देशव्यापि असंगठित रूपले छरिएर रहेका छन् । यिनीहरूमा राजनैतिक चेतना जगाई सुसंगठित पुर्‍न नितान्त जरुरी छ ।

मार्क्सवादले युगौं देखिको धर्म-कर्म (आध्यात्मवाद) रिति-रिवाज, राजनीतिक दाउँपेच जटिल कानुनहरू, धूर्त विद्याहरू जस्तो बाधाबन्धनहरूको पर्दा पछाडि लुकेर रहेको वर्ग संघर्ष, विभिन्न सम्पन्न वर्गहरू र गरीब जन-समूह बीचको संघर्ष, त्यस सर्वहारासँग जसले समस्त गरीब (उत्पीडित) जनसमुदायको नेतृत्व गर्दै आएको छ परिचित हुन मद्दत गर्‍यो । यस गहन विषयलाई गम्भीर रूपले चिन्तन् मनन् गरी संघर्षमा उत्रनु र उतार्नु सच्चा क्रान्तिकारी कम्युनिष्टहरूको दायित्व हो ।

आजको यो आधुनिक समाजले अन्धकार, अज्ञान तथा अन्धविश्वासहरूको पञ्जामा जकडिएर बसेका वर्तमान समाज विशेष गरेर किसानहरू तथा स-साना दफ्तरहरूका कामदार र अन्य कालिगढहरू करोडौं मानिसहरू विशुद्ध मार्क्सवादी शिक्षाको सिधा बाटोबाट त्यस अन्धकारबाट निस्कन सक्छन् भन्ने सोच्नु एक मार्क्सवादीको लागि सबभन्दा ठूलो गल्ती र एक अत्यन्त खराब गल्ती ठहरिन जानेछ । अनिश्वरवादी प्रचारसम्बन्धी विभिन्न प्रकारका सामग्रीहरू यस जनसमुदाय समक्ष पुर्‍याउनु पर्छ । उनीहरूलाई जीवनका विभिन्न क्षेत्रहरूसँग सम्बन्धित तथ्यहरूबाट परिचित गराउनु पर्छ, । विभिन्न तरिकाले उनीहरूको नजिक पुग्नु पर्छ । यसले गर्दा उनीहरूको अभिरुची जगाउन सकियोस् । उनीहरूलाई धार्मिक निद्राबाट बिउँझाउन सकियोस् । उनीहरूलाई विभिन्न दृष्टिकोणले, विभिन्न तरिकाले झट्कार्न सकियोस् । यस मानेमा क्रान्तिकारीहरू अत्यन्तै गम्भीर हुनु जरुरी छ ।

नेपाली क्रान्तिका शत्रुहरू कमजोर छन् भनेर नजरअन्दाज गर्न मिल्दैन । तिनीहरू देख्नमा ज्यादै बलिया र भयङ्कर स्वरूप देखिन्छ । शत्रुका पङ्तिभित्र साम्राज्यवादी, विस्तारवादी तथा तिनीहरूकै आड भरोसामा तङ्ग्रिदै आएका दलाल पुंजीपति र सामन्ती मात्र पर्दैनन् तर खास-खास समयमा जनताको विरोध गर्न साम्राज्यवादी, विस्तारवादी र दलाल पूँजीपति तथा सामन्ती शक्तिहरूसँग साँठगाँठ गर्ने पुँजीवादी प्रतिक्रियावादीहरू पनि यसैभित्र पर्दछन् । यस्तालाई इङ्गित गर्दै सर्वहारा वर्गीय नेता माओले भन्ने गर्नुहुन्थ्यो । यिनीहरू खासमा कागजि बाघ हुन् । तर पनि, क्रान्तिकारी नेपाली जनताका शत्रुहरूलाई होच्याएर आँक्नु गलत कुरा हो । यसो भनेर फेरि ती शत्रुको पङ्ति प्रतिक्रियावादी (प्रतिक्रान्तिकारी) हरूको त्यो सुरक्षाको नाउँमा लट्केको क्रान्तिको फन्दालाई सहज र सरल रूप मानी बस्नु पनि ठीक होइन ।

क्रान्तिकारीहरूको दायित्व भनेको निस्सन्देह, यी शत्रुहरूमाथि प्रहार गर्नु नै हो र प्रहार गर्नुको अर्थ साम्राज्यवाद, विस्तारवाद तथा दलाल पुँजीपति एवम् सामन्ती वर्गको उत्पीडनको तख्ता पल्टाउन जनवादी क्रान्ति गर्नु हो ।

हाम्रा शत्रुहरू साम्राज्यवाद, विस्तारवाद, नेपाली गद्दारहरू, आत्मासमर्पणवादी तत्वहरू र ट्राटस्कीपन्थीले, नेपालमा हामीले गर्न लागिरहेको जनवादी क्रान्तिको तयारी अभियानलाई नष्ट भ्रष्ट पार्न यिनीहरू आफूले भ्याएसम्मको हरतरहका हथकण्डा मचाउँदै आइरहेका छन् र मच्चाइरहने छन् ।

मातृभूमिको रक्षा, देश र जनताको आवश्यक्ता र चाहनालाई मूर्त रूप दिन हामीले गर्न लागिरहेको सशस्त्र जनविद्रोह (जनवादी क्रान्ति) लाई विफल पार्नु र नेपाललाई पराधीन बनाउने उनीहरूको आक्रमणकारी योजनालाई ध्वस्त पारी, जनवादका लागि आफ्नो संघर्षमा, हामीले साम्राज्यवाद, विस्तारवादका कट्टरपन्थीहरू र जनताका पिछडिएका अंगहरूतर्फ परिलक्षित प्रचार आन्दोलन तथा आलोचना गर्ने काममा मात्र लाग्ने होइन । तर साम्राज्यवाद, विस्तारवाद र नेपालमाथि जबर्जस्त हस्तक्षेप गर्ने काममा तिनका पाल्तु कुकुर बनेर मद्दत गर्ने ती कुकर्मी तत्वहरूको अस्तित्व नामेट गरी पठाउनु, मातृभूमिको रक्षाका लागि अत्यावश्यक छ भन्ने कुरालाई स्पष्टसित बुझ्न सकेनौं र त्यसको लागि हामीले हाम्रो संघर्षलाई आवश्यकताअनुरूप जुझारु ढङ्गले अगाडि बढाउनुको उल्टो शिथिल पार्‍यौं भने मातृभूमिको रक्षा होइन, बरु तिनका ती देशद्रोही पाल्तु कुकुरहरूलाई हौसला बढाउने काम हुनजाने कुरा निश्चित छ । तसर्थ, समयछँदै सचेतभई बुद्धिमानीपूर्ण ढङ्गले क्रान्तिकारी जोश र जाँगरका साथ अविलम्ब, त्यस्ताको बिरुद्ध जुझारु क्रान्तिकारी कदम चाली त्यस्ता कुतत्वहरूलाई निर्मूल पारी पठाउनु, क्रान्तिकारीहरूको नैतिक दायित्व हो ।

यतिखेर सिंगो देशका क्रान्तिकारी जनताको आँखा हामीमाथि परेको छ । नेपालमा अधुरो रहिरहेको नयाँ जनवादी क्रान्तिलाई टुङ्गोमा पुर्‍याउने अभिभारा जो हामीले हाम्रो काँधमा लिएका छौं । यो कार्यभार पूरा गर्नु हाम्रो नैतिक दायित्व हो । उक्त कार्यभार पूरा गर्नकै निम्ति हामीले देशको वर्तमान वस्तुस्थितिमाथि मध्यनजर राख्दै नेपाली बिशिष्टतामा आधारित सशस्त्र जनविद्रोह कार्यदिशा निर्माण गरी, क्रान्तिकारी युद्धको तयारी अभियानमा जुझारु ढङ्गले जुट्दै गरेको वर्तमान स्थिति हो यो ।

यसै सन्दर्भमा इतिहासले हामीलाई के बताउँछ भने सही राजनीतिक नीति तथा क्रान्तिकारी कार्यदिशाहरूको उत्पत्ति र विकास स्वयंस्फूर्त तथा शान्तिपूर्ण ढङ्गबाट हुँदैन, बरु संघर्षको क्रममा मात्र हुन्छ । यी कार्यदिशाहरूले एकातिर 'बामपंथी' अवसरवादविरुद्ध र अर्कोतिर दक्षिणपन्थी अवसरवाद तथा दलाल र अन्य ती पाल्तु कुकुरविरुद्ध संघर्ष त गर्नैपर्छ । क्रान्ति र क्रान्तिकारी युद्धलाई क्षति पुर्‍याउने यस्ता हानिकारक प्रवृत्ति र कुतत्वविरुद्ध संघर्ष नगरिकन र त्यस्तालाई पूरै खत्तम् नपारिकन क्रान्तिकारी युद्धमा विजय प्राप्त गर्नु असंभव हुनेछ । तसर्थ क्रान्तिकारी अभियानमा जुटिरहनु भएका प्रत्येक जिम्मेवार कामरेडहरू यस मानेमा सचेत हुनैपर्छ ।

हाम्रो सही राजनैतिक नीति हाम्रो सुदृढ उद्देश्य लाखौं जनतालाई साम्राज्यवाद विस्तारवाद, दलाल पुँजीपति र सामन्तविरोधि क्रान्तिकारी युद्धको पक्षमा तान्नु हो । सर्वहारावर्ग, किसानहरू र सहरी निम्नपुँजीपतिवर्गका ब्यापक जनसमुदायहरूको निम्ति हाम्रो प्रचार-कार्य, आन्दोलन कार्य र संगठन कार्यको खाँचो छ । पार्टीको नीतिलाई आम जनताको नीति बनाउनको लागि हामीले लामो समयसम्म दृढ, अविचल, अविरल, धैर्यपूर्ण तथा कष्टदायक प्रयत्न गर्नुपर्छ । यस्तो प्रयत्न नभएमा हामीले कुनै सफलता पाउने छैन । साम्राज्यवाद, विस्तारवादविरोधी क्रान्तिकारी जनसमुदायलाई सुदृढ बनाउनु, क्रान्तिकारी सुनामी सृजना गर्नु र नेपालमा जनवादी गणराज्यको स्थापना गर्नु यी सबै कामहरू जनतालाई आफ्नो पक्षमा तान्ने हाम्रो प्रयत्नबाट एकदमै अभिन्न छन् । यदि हामीले यस्तो प्रयत्न गरेर लाखौं जनतालाई आफ्नो नेतृत्वमुनि ल्याउन सक्यौं भने हाम्रो क्रान्तिकारी अभिभारालाई छिटोसित पूरा गर्न सकिन्छ । आफ्नो प्रयत्नद्वारा हामीले अवश्य पनि साम्राज्यवाद, विस्तारवाद तथा नेपाली देशद्रोही कुतत्वहरूलाई परास्त गर्ने छौं र पूर्ण राष्ट्रिय तथा सामाजिक मुक्तिका साथ नयाँ नेपाल निर्माणमा जनवादी गणराज्य स्थापना गर्ने छौं ।

## क्रान्तिकारी...

काठमाडौं, ललितपुर र भक्तपुरलाई केन्द्रित गरी काठमाडौंको रत्नपार्कबाट रेडमार्चपासको तयारी गरेको छ भने उपत्यकाबाहेकका जिल्लाहरू चितवन, काभ्रे, सिन्धुली, रामेछाप, दोलखा, नुवाकोटलगायतका जिल्लामा पनि रेड मार्चपासको तयारी गरिएको छ । मकवानपुरमा भने रेडमार्चपाससहित पार्टी जिल्लाको भेलासमेत राखिएको छ भने सिन्धुपाल्चोकमा पनि पार्टीको बैठक राखिएको छ ।

त्यसैगरी २ नं. प्रदेशले सिरहाको लहान, रौतहटको चपुर र महोत्तरीको बर्दिबासमा रेड मार्चपासको तयारी गरेको पार्टी प्रदेश कार्यालयले जनाएको छ । अन्य जिल्लाहरूमा पनि विकेन्द्रित रूपमा मार्चपास प्रदर्शनको तयारी भइरहेको सम्बद्ध स्रोतले जनायो ।

क्रान्तिकारी माओवादीको १ नं. प्रदेशले कतै मशाल जुलुस तथा कतै रेड मार्चपासको तयारी गरेको छ । प्राप्त जानकारी अनुसार मोरङको विराटनगर, सुनसरीको इटहरी, उदयपुरको गाईघाट, ओखलढुंगा, खोटाङ, तेह्रथुम लगायतका जिल्लामा प्रदर्शन गर्ने तयारी गरेको छ ।

त्यसैगरी ५ नं. प्रदेशका नवलपरासी, रूपन्देही, बाँके, बर्दिया, दाङ, कपिलवस्तु, गुल्मी लगायतका जिल्लामा 'जनयुद्ध जिन्दावाद' लेखिएको रातो फेटासहितको रेड मार्चपास गर्ने भव्य तयारी गरिएको छ भने रोल्पा, अर्घाखाँची, पाल्पालगायतका जिल्लामा गोष्ठीको आयोजना गरी जनयुद्ध दिवस मनाउने तयारी गरिएको छ ।

त्यसैगरी ७ नं. अर्थात् सुदुरपश्चिम प्रदेशले धनगढीमा केन्द्रित र अन्य जिल्लाका सदरमुकाम तथा मुख्य सहरहरूमा विकेन्द्रित गरी रेड मार्चपास गर्ने तयारी गरेको छ ।

यता ६ नं. प्रदेश अर्थात् कार्णाली प्रदेशले पनि दैलेख, सुर्खेत लगायतका जिल्लामा रेड मार्चपासको तयारी गरेको छ । प्राप्त जानकारी अनुसार दैलेखमा मार्चपाससहित देशभक्त जनगणतान्त्रिक मोर्चाको जिल्ला सम्मेलन गर्ने र उक्त अवसरमा जनयुद्धका सहिद तथा वेपत्ता परिवार, घाइते अपाङ्ग लागतलाई सम्मान गर्ने समेत कार्यक्रम तय गरिएको छ ।

त्यसैगरी ४ नं. प्रदेशले १ गते समापन हुने गरी प्रदेश स्तरीय युवाहरूको वैचारिक तथा राजनीतिक प्रशिक्षणको आइतबार उद्घाटन गरेको छ र १ फाल्गुनमा विशेष मार्चपाससहित प्रशिक्षणको समापन गर्ने तयारी गरेको छ । प्रदेशका जिल्लाहरू कास्की, नवलपुर, तनहुँ, गोरखा, बाग्लुङ, पर्वतलगायतका जिल्लामा पनि रेडमार्चपासको तयारी गरिएको बुझिएको छ ।

तत्कालीन नेकपा (माओवादी) को नेतृत्वमा २०५२ साल फागुन १ गतेदेखि सुरु भई २०६२ सालसम्म सञ्चालित महान जनयुद्धले अढाइसय वर्षदेखिको सामन्ती राजतन्त्रको अन्त्य गरी मुलुकमा लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशी जस्ता मुद्दाहरूलाई स्थापित गर्‍यो तर जनयुद्धमाथि तत्कालीन नेतृत्वहरूले नै गरेको गद्दारीका कारण जनयुद्धले धक्का खान पुग्दा मरणासन्न अवस्थामा पुगेको संसदीय व्यवस्था पुनर्स्थापित हुन पुग्यो र जनयुद्धले उठाएका मुद्दाहरू एकपछि अर्को गरी किनारा लगाइयो । जनयुद्धका उपलब्धिहरूको रूपमा रहेका जनमुक्ति सेना, आधारइलाका, जनकम्युन लगायतका संरचनाहरू विघटित हुन पुगे । मुख्य नेतृत्वले नै जनगणतन्त्रको मुद्दालाई छोडेर लोकतान्त्रिक गणतन्त्रलाई अँगाल्न पुगेपछि माओवादी आन्दोलन पनि टुट फुट विभाजन हुँदै गुज्रन पुग्यो । पछिल्लो पटक माओवादी केन्द्रको एमालेकरण भएपछि अहिले नेपालमा मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) मात्र 'माओवादी' पार्टीको रूपमा रहेको छ । र, यो मात्रै यस्तो पार्टी बन्न पुगेको छ कि तत्कालीन जनयुद्धको मूल मुद्दा 'नयाँ जनवादी क्रान्ति'लाई नै मूल मुद्दा बनाएर त्यसको तयारीको प्रक्रियामा अगाडि बढिरहेको छ । यही सन्देश प्रवाह गर्ने र दशवर्षे जनयुद्धको ऐतिहासिक महत्वलाई स्थापित गर्ने उद्देश्य राखी यो पार्टीले देशैभर रेड मार्चपासको आयोजना गरी जनयुद्ध दिवस मनाउने निर्णय गरेको हो ।

रेड मार्चपासकै महत्वमाथि प्रकाश पार्दै पार्टी स्थायी समिति सदस्य कमरेड गौरवले वर्गदृष्टिसँगको कुराकानीमा भनेका छन्, " देशैभर रातो मार्चपास गरेर महान् जनयुद्धको २४ औ दिवस मनाउने जुन कार्यक्रम हाम्रो पार्टीले तय गरेको छ, त्यसको विशेष महत्व छ । इतिहासको कुनै कालखण्डमा जनयुद्धका नायक भनिनेहरू र तिनका संगठनले जनयुद्धलाई धरासायी पारेर पनि नपुगेर सकेसम्म अपमानित गरिरहेको अहिलेको अवस्थामा त्यो महान् क्रान्तिको महत्वलाई स्थापित गर्नका लागि यो रातो मार्चपास महत्वपूर्ण सावित हुनेछ भन्ने हामीले आशा गरेका छौं ।"

२४ औं जनयुद्ध दिवसको अवसरमा क्रान्तिकारी माओवादीद्वारा जारी वक्तव्य

'नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै वैज्ञानिक समाजवाद हुँदै साम्यवाद प्राप्तिको दिशामा निरन्तर अगाडि बढ्ने प्रतिबद्धता'

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण' महान जनयुद्धको २४ औं दिवसको अवसरमा एक वक्तव्य जारी गर्दै आदरणीय जनसमुदाय, शुभेच्छुक मित्रहरू, सम्पूर्ण पार्टी कमरेडहरू र भाइचारा पार्टी तथा संगठन र विश्व सर्वहारा वर्गप्रति न्यानो शुभकामना र लाल सलाम अर्पण गरेका छन् । वक्तव्यमा भनिएको छ, "चौबीसौं जनयुद्ध दिवसको यस ऐतिहासिक अवसरमा हामी वीर अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली र बेपत्ता योद्धाहरूप्रति उच्च सम्मान अर्पण गर्दछौं । साथै, हामी घाइते तथा अपाङ्ग योद्धाहरूको ससम्मान उच्च कदर गर्दछौं ।"

दशवर्षे महान जनयुद्धको बारेमा वक्तव्यमा भनिएको छ, "तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा २०५२ फागुन १ गते नेपालमा महान् जनयुद्धको ऐतिहासिक पहल गरिएको थियो । अहिले हामी इतिहासका जटिल आरोह अवरोहका प्रक्रिया र गम्भीर धक्काका बीचमा चौबीसौं जनयुद्ध दिवस मनाउँदै छौं । महान् जनयुद्धको प्रक्रियामा हजारौं अमर सहिद तथा बेपत्ता योद्धाहरू, जनमुक्ति सेनाका वीर योद्धाहरू र जनसमुदायद्वारा प्रस्तुत त्याग, वीरता तथा बलिदानका अद्भूत कीर्तिमान अविस्मरणीय रहेका छन् । त्यस्तै, विश्व सर्वहारा वर्ग र जनसमुदायले गरेका समर्थन, सहयोग र सहानुभूति पनि अविस्मरणीय रहेको छ ।"

महासचिव किरणको वक्तमा अगाडि भनिएको छ, "नेपालमा सञ्चालित महान् जनयुद्धले गम्भीर धक्का खाए पनि जनताका त्याग, वीरता र बलिदानका उत्कृष्ट मूल्यहरू खेर गएको छैन र तिनले भावी क्रान्तिका निम्ति अनन्त ऊर्जा प्रदान गरेका छन् । जनयुद्धका तत्कालीन नेतृत्वको एउटा हिस्साले संशोधनवाद हुँदै पश्चगमनको बाटो पकडे पनि सच्चा क्रान्तिकारी कम्युनिस्टहरूद्वारा क्रान्तिको प्रक्रियालाई निरन्तर जारी राखिएको छ । हाम्रो पार्टी महान् जनयुद्धको चौबीसौं वर्ष प्रवेशको यस ऐतिहासिक अवसरमा नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै वैज्ञानिक समाजवाद हुँदै साम्यवादको सर्वोच्च आदर्श प्राप्तिको दिशामा निरन्तर अगाडि बढ्ने प्रतिबद्धता जाहेर गर्दछ ।"

फागुन १, २०७५ को मितिमा जारी वक्तव्यको अन्तमा भनिएको छ, "क्रान्तिको प्रक्रियासँगसँगै दलाल तथा नोकरशाही पुँजीवाद, साम्राज्यवाद, विस्तारवाद तथा सबैखाले प्रतिक्रियावाद र संशोधनवादद्वारा निरन्तर प्रतिक्रान्तिको प्रक्रिया जारी रहनेछ । परन्तु, ती सबैको सामना गर्दै अन्ततः मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शनमा नेपाली क्रान्ति र विश्व क्रान्तिकै विजयसमेत् अपरिहार्य छ ।"

## क्रान्तिकारी माओवादीको...

र पार्टीका केन्द्रीय सदस्य निखिलेश रहेका थिए । विशेष पेशागत संगठनका इन्चार्ज गुरा'सले संक्षिप्तमा मौखिक प्रतिवेदन पेश गरेका थिए । भेलाले पार्टीका घोषित संगठन र संघर्षका कार्यक्रमहरू कार्यान्वयनका लागि प्रतिबद्ध भई लाग्ने लगायतका निर्णयहरू लिएको छ ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१
पुष्प- ९८५१०४३३२८, ९८०८४६११०६
बिक्की शर्मा गुरागाँई- ९८५११९५८८९
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी- ९८५२०६०२५४
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

**रोयल बुईपा A/C जम्बो हाईस**
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - [illegible]
- [illegible]
इन्द्र कट्टेल - [illegible]

गाईघाट सम्पर्क नम्बर
फोन नं. [illegible]
पुरुषोत्तम खनाल - [illegible]
- [illegible]

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**रुद्रताल यातायात प्रा.लि.**
ढोरपाटन-१, बुर्तिवाङ, बाग्लुङ

सुमो दिवा सेवा

बुर्तिवाङ, खरवाङ, हतिया, बाग्लुङ, पोखरा हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नं. ९८१०२५१८६३
बुर्तिबाङ सम्पर्क ९८१०२५१८६४

सुझाव र सल्लाहको लागि ०१-४३५२२२२ र ९८५१०४९९५१

सेवाहरू
बुर्तिबाङ-काठमाडौं दैनिक सेवा सहित घर-घरमा पुर्‍याउने व्यवस्थाको साथै नेपालभित्रको जुनसेकै गन्तव्य स्थलको धार्मिक यात्रा, शैक्षिक भ्रमण, निजी पारिवारिक भ्रमणका लागि गाडी चाहिएमा सम्पर्क राख्नुहोला ।

**हिमाल-तराई यातायात सेवा समिति**

यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।

टाटासुमो बोलेरो
(रिजर्भ चाहिएमा)

| | |
|---|---|
| ०४७-५२११६९ | सिन्धुली |
| ९८४१०१६०४९ | ढकाल बाजे |
| ९८६०१०२७३८ | विश्व |
| ९८४४२५२३८५ | सानोभाई |
| ९८४११०६९६७ | संजीव |
| ९८४५७८४३०७ | प्रदीप |
| ०१-५१००४९४ | कोटेश्वर |
| ९८४४००८४०० | लाल बहादुर |

रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५, ९८४४०७६२६१, ९८३९२८४३०

## आलोपालो

# सत्य निरूपण नगर्ने सत्य निरूपण आयोग

● विनोद सहयात्री

सप्तरी रूपनी गाउँपालिका २, का अरुणकुमार साह "अनिल" २०७५ माघ १५ गते जेलमुक्त भए । २०५९ असार २४ गते पार्टीकै निर्देशनमा स्वाबलम्बन बिकास बैंकको कर्मचारीलाई नियन्त्रणमा लिएर रु १९००० उनाईस हजार कब्जा गरेको आरोपमा उनलाई २०७३ असार ७ गते प्रहरीले चौकीमा बोलाएर पक्राउ गरी अदालतमा बुझाएका थिए । अदालतले ४ वर्ष २ महिनाका लागि चोरी मुद्दामा राजविराज कारागार चलान गरेको थियो । उनी जनयुद्धका जिउँदो सहिद हुन् । शान्ति प्रक्रिया आरम्भको पूर्वसन्ध्यामा अर्थात् २०६२ बैशाख २६ गते भएको खोटाङको सदरमुकाम दिक्तेल भिडन्तमा उनी गम्भीर घाइते भई मानसिक सन्तुलन समेत गुमाएका थिए । उनको अहिले पनि टाउकोमा मात्र ९ वटा र शरीरको अन्य भागमा गरी दजनौं वमका छर्राहरू छन् । खर्च अभावका कारण उनले ती छर्राहरू निकाल्न सकेका छैनन् । तिनै अरुणकुमार साह जेल सजाय भुक्तान गरी जेलमुक्त भएका छन् । अझ रोचक कुरा त के छ भने शान्ति प्रक्रियामा आइसकेपछि उनै अरुणकुमार शान्ति समिति सप्तरीको सदस्य थिए र, शान्ति समितिको सदस्य भएकै अवस्थामा उनलाई पक्राउ गरी जेल चलान गरिएको थियो । त्यही कारण उनको पारिवारिक अवस्था अस्तव्यस्त हुन पुग्यो । उनले २०६३ सालदेखि जिल्ला प्रशासन कार्यालय सप्तरीबाट पाउँदै आएको जीवन निर्वाह भत्ताले उनका दुई छोराको मुखमा माड लगाउन पनि पुगेको छैन । जेलमुक्त भएपछि उनको भनाइ छ, 'सत्य निरूपण आयोगले किनारा लगाउने भनिएको जनयुद्धकालीन मुद्दामा जेल सजाय भोग्नु पर्‍यो । के मलाई यो आयोगले ४ बर्षको क्षतिपूर्ति दिनसक्छ ? नभए यसको औचित्य के ?'

त्यस्तै मोरङ ग्रामथान गाउँपालिका १ का झलकुमार भगत "झलक" २०६२ साउन ८ गते तत्कालीन शाही नेपाली सेनाबाट बिद्रोह गरी हातहतियारसहित जनमुक्ति सेनामा प्रवेश गरेका थिए । उनलाई २०७४ मंसिर ८ गते प्रहरीले घरबाटै पक्राउ गरी नेपाली सेनालाई जिम्मा लगाए । नेपाली सेनाका समरी जनरल सैनिक अदालतले उनलाई सर्वस्वसहित जन्मकैदको फैसला गरेको छ । उनी अहिले मध्य क्षेत्रीय कारागार कार्यालय सिमल्टार भिमफेदीमा कैद सजाय काटिरहेका छन् । यी दुई प्रतिनिधिमूलक घटना मात्र हुन् । शान्तिप्रक्रियासँग जोडिएका यस्ता थुप्रै घटना र पात्रहरू छन्, जसले बृहत् शान्ति सम्झौताविपरीत सजाय भोग्नु पर्‍यो र भोगीरहेका छन् जनयुद्धकालीन मुद्दामा ।

तत्कालीन जनयुद्धताका राज्य र विद्रोही पक्षबाट भएका मानवअधिकार उलंघनका घटना तथा द्वन्द्वकालीन मुद्दालाई किनारा लगाई संक्रमणकालीन न्याय व्यवस्थापनका लागि सरकारले सम्बोधन गर्न सरकारले २०७१ माघ २७ गते सत्य निरूपण तथा मेलमिलाप आयोग र वेपत्ता छानविन आयोग गठन गर्‍यो । तर आफ्नो चार वर्षे कार्यकालमा आयोगले एउटा मुद्दा पनि किनारा लगाउन सकेन । दलीय खिचातानी र दाउपेचमै आयोगको चार बर्ष बित्यो । पीडितहरू भने अहिले पनि जेलभित्र नारकीय जीवन बाँच्न बाध्य छन् । अहिले सत्य निरूपण तथा मेलमिलाप आयोगमा ६३ हजार मुद्दा अलपत्र अवस्थामा छन् । आयोगको म्याद यही माघ २७ गते सकिँदैछ । यो आयोगले राज्यको ढिकुटी रित्याएर दलका नेताहरूलाई जागिर खुवाउनेभन्दा अरु कुनै काम गर्न सकेन । चार बर्षे कार्यकाल सकिनै लाग्दा आयोगले २७ करोडभन्दा बढी खर्च गरिसकेको छ । आयोग स्रोतका अनुसार यो ७० जना कर्मचारीले नियमित रूपमा गरेको खर्च मात्र हो । अन्य खर्चको आँकडा पनि यसैको हाराहारीमा रहेको देखिन्छ । तर उपलब्धि भने परिणाममा केही देखिएको छैन । विडम्बना, सत्य निरूपण आयोगबाट द्वन्द्वका पीडितहरूको सत्य निरूपण हुन नसक्दा वास्तविक पीडितहरू अहिले अत्यन्तै चिन्तित अवस्थामा रहेका छन् । तर नक्कली पीडितहरूले भने सत्ता र शक्तिको पहुँचमा निजी वैभव जोड्ने र ऐस आराम, मोज मस्तीको जिन्दगी बिताइरहेका छन् र विदेशमा गएर डलरमा आम्दानी गरिरहेको समेत देखिन्छ ।

बालकृष्ण ढुंगेल प्रकरणले पनि सावित गर्दछ कि सत्ता र शक्तिमा पहुँच राख्नेहरूका अगाडि अदालत र कानुन प्रभावित हुन्छ । सर्वस्वसहित जन्मकैदका सजाय काटिरहेका ढुंगेललाई सत्ताको बलमा जेलमुक्त गरिरहँदा उनको भन्दा धेरै कमसल मुद्दामा जेलमा रहेका अरुणकुमार साह र झलक भगतहरू भने काराबासको सजाय काट्नु पर्‍यो र काटिरहेका छन् । उनीहरूको पक्षमा बोलिदिने न त हिजोका जनयुद्धका सुप्रिमो प्रचण्ड देखिए न त अन्य तथाकथित मानवअधिकारवादीहरू नै । दुईपटक देशको प्रधानमन्त्री भइसकेका प्रचण्डलाई विनम्रतापूर्वक सोध्न मन छ के जनयुद्धमा ढुंगेललाई जेलमुक्त गर्न सारा शक्ति लगाउँदा त्यो शक्ति अरुण र झलकहरूका हकमा किन प्रयोग गरिएन ? के अरुण र झलक मधेसी भएर नै हो ? कि उनीहरूलाई दुई नम्बर दर्जाको नागरिक ठानिएर हो ? जेलको नारकीय जीवन भोगेर अरुणकुमार साह जेलमुक्त भए पनि झलकहरू भने जेलभित्र नारकीय जीवन बिताइरहेका छन् । जनयुद्धमा रगत, पसिना बगाएर आफूलाई जनयुद्धको सुप्रिमोको हैसियत दिलाउने ती जनसेनाका सिपाहीहरूको बारेमा सोच्ने फुर्सद निकाल्न जरुरी ठान्लान् प्रचण्डले ? खोलो तर्‍यो लौरो बिर्स्यो भनेझै गर्दै जाँदा जनयुद्धका घाउहरू बल्झिदै जाने र त्यसको महामारीको मारमा पर्नबाट प्रचण्डहरू बच्ने छैनन् भन्ने उदाहरण बहिर्गमित जनसेना र अन्य राजनीतिक घटनाक्रमहरूले पनि देखाउँदै लगेको छ ।

मुलुकमा अहिले चौतर्फी रूपमा अराजकता बढेर गएको छ । र, जनतामा चरम निराशाले नराम्ररी डेरा जमाइरहेको छ । जुन आशा र अपेक्षाका साथ जनताले डबल नेकपालाई दुईतिहाईको हैसियत दिलाए, त्यो विश्वास उनीहरूले एक वर्ष पनि टिकाउन सकेनन् । अझै पनि स्वयम् प्रधानमन्त्री ओली समेत झुठा आश्वासन बाँडिरहेका छन् र 'समृद्ध नेपाल सुखी नेपाली'को 'डेट एक्सपाएर' नारा फलाकीरहेका छन् । सिंहदरबारदेखि वडासम्म महामारीको रूपमा फैलिएको संस्थागत भ्रष्टाचार, निर्मला पन्त प्रकरणले बढाएको दण्डहीनता, वाइडबडी प्रकरणमा देखिएको स त्तापक्ष र प्रतिपक्षको मिलेमतो, न्यायालय र कर्मचारी संयन्त्रमा बढ्दो राजनीतिकरण तथा बढ्दो जनताको अविश्वास, जनतामाथि थेगिनसक्ने करको भारी बोकाएर जनप्रतिनिधि, सांसद, मन्त्रीदेखि राष्ट्रपतिसम्मको सेवा सुविधामा गरिएको बढोत्तरी, आकासिदो व्यापारघाटा, बढ्दो बेरोजगारी तथा युवा शक्तिको विदेश पलायन आदिले अहिलेको सरकारको असफलतालाई दर्शाइरहेको छ । त्यसमाथि संक्रमणकालीन न्यायको व्यवस्थापन तथा निरूपण नहुँदा परिस्थिति अझ विष्फोटक बन्दै जाने देखिन्छ । यसर्थ, सत्य निरूपण तथा मेलमिलाप आयोगलाई खारेज गरी सरकारले अध्यादेशमार्फत् द्वन्द्वकालीन मुद्दालाई किनारा लगाउन खोज्दै गर्दा अहिले राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा मानवअधिकारको कोणबाट गम्भीर प्रश्नहरू उठिरहेका छन् । ती प्रश्नहरूमा पनि राज्य गम्भीर हुँदै त्यसको सम्बोधन गर्न जरुरी छ । आयोग वा अध्यादेश जुनसुकै विधि अपनाए पनि 'वास्तविक दोषीलाई सजाय र निर्दोषलाई न्याय'को मान्यतामा आधारित रहेर संक्रमणकालीन न्यायको सम्पादन नगर्ने हो र सत्ता र शक्तिको दुरूपयोग गरी 'न्यायको हत्या' गरिने हो भने यसले द्वन्द्वको निरूपण होइन, बिजारोपण गर्ने निश्चित छ । यसतर्फ सबै सरोकारवाला पक्षहरूको गम्भीर रूपमा ध्यान जान जरुरी छ ।






# पूर्ण समानुपातिक निर्वाचन प्रणालीका आधारमा स्ववियू निर्वाचन गराउन विद्यार्थी नेताहरूको जोड

● प्रकाश भण्डारी



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट विद्यार्थी संगठन अनेरास्ववियू (क्रान्तिकारी)को आयोजनमा भएको एक अन्तरक्रिया कार्यक्रममा विद्यार्थी नेताहरूले स्ववियूको निर्वाचन पूर्ण समानुपातिक निर्वाचन प्रणालीका आधारमा गराउन जोड दिएका छन् । 'स्ववियू निर्वाचनको सवाल' विषयक अन्तरक्रिया कार्यक्रममा विद्यार्थी नेताहरूले पूर्ण समानुपातिक निर्वाचन प्रणालीका आधारमा स्ववियू निर्वाचन गराउन जोड दिएका हुन् । क्रान्तिकारी माओवादी निकट अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेलले अन्तरक्रियाको विषयवस्तुबारे कार्यक्रमको सुरुमै धारणा राख्दै स्ववियू निर्वाचन पूर्ण समानुपातिक निर्वाचन प्रणालीका आधारमा गर्नुपर्ने धारणा राखेका थिए । त्यस पश्चात् बोल्ने अधिकांश विद्यार्थी नेताहरूले पूर्ण समानुपातिक निर्वाचन प्रणालीकै पक्षमा आफ्ना धारणा राखेका थिए । केही नेताहरूले भने प्रत्यक्ष निर्वाचन प्रणाली र मिश्रित निर्वाचन प्रणालीको वकालत गरेका थिए ।

कार्यक्रममा तत्कालीन एमाले निकट अनेरास्ववियूका रश्मी आचार्य, तत्कालीन माओवादी केन्द्र निकट अखिल (क्रान्तिकारी)का महासचिव उत्तम अधिकारी, विप्लव नेकपा निकट अखिल (क्रान्तिकारी)का अध्यक्ष चिरञ्जीवी ढकाल, नयाँ शक्ति विद्यार्थी संगठनका अध्यक्ष श्यामबाबु गौतम, समाजवादी विद्यार्थी संगठनका अध्यष विवेक राई, राजपा विद्यार्थी संगठनका अध्यक्ष रञ्जितकुमार झा, माओवादी केन्द्र (गोपाल किराती) निकट अखिल (क्रान्तिकारी)का अध्यक्ष आलोक रायमाझी, अनेरास्ववियू (पाँचौं) का अध्यक्ष घनश्याम मिश्र, अनेरास्ववियू छैठौंका अध्यक्ष विमल पोखरेल लगायतका विद्यार्थी नेताहरूले आ-आफ्ना धारणा राखेका थिए । विद्यार्थी नेताहरूले निर्वाचनलाई निष्पक्ष र पारदर्शी बनाउनुपर्ने, स्ववियूलाई भ्रष्टाचार र शैक्षिक विकृतिबाट मुक्त पारिन आवश्यक रहेको कुरामा समेत जोड दिएका थिए । कार्यक्रममा आयोजक संगठनका अन्य नेताहरूको बाक्लो उपस्थिति रहेको थियो ।

# क्रान्तिकारी पत्रकार महासंघ १ नं. प्रदेशको भेला सम्पन्न, मधुकर थापा प्रदेश संयोजकमा निर्वाचित



बिराटनगर । क्रान्तिकारी पत्रकार महासंघ १ नं. प्रदेशको भेला सम्पन्न भएको छ । आज सुनसरीको इटहरीमा सम्पन्न भेलाले पत्रकार मधुकर थापालाई प्रदेशको संयोजकमा निर्वाचित गरेको छ । भेलाले प्रदेश समितिका अन्य सदस्यहरूमा मनोजसिंह कार्की (विराटनगर), पासाङ तामाङ र यनिसा राई(सुनसरी), नरेश राउत (उदयपुर), साया राई (भोजपुर), विश्वबन्धु राई (खोटाङ)लगायत रहेका छन् ।

नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य प्रतीकको प्रमुख आतिथ्यतामा सम्पन्न भेलामा पार्टी पीविएम तथा १ नं. प्रदेशका सचिव लालबहादुर, केसहरू मनोज, गणेश, क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सचिव रामकुमार श्रेष्ठ, नेपाल पत्रकार महासंघ सुनसरीका अध्यक्ष अमर खड्का, पार्टी केन्द्रीय प्रचार विभागका सदस्य विधुर ढकाललगायत नेताहरूको उपस्थिति रहेको थियो । प्रमुख अतिथि प्रतीक, क्रान्तिकारी पत्रकार महासंघका सचिव श्रेष्ठ, नेपाल पत्रकार महासंघ सुनसरीका अध्यक्ष अमर खड्कालगायतले भेला तथा निर्वाचित कमिटिलाई शुभकामना तथा बधाई दिएका थिए । भेलाको अध्यक्षता पत्रकार मधुकर थापाले गरेका थिए ।

निर्वाचित कमिटिको प्रथम बैठकले संगठनको राष्ट्रिय सम्मेलनलाई लक्षित गरी जिल्लाहरूमा भेला तथा सम्मेलन गर्ने, प्रतिनिधि पर्यवेक्षकहरू छनौट गर्ने, पेशागत मुद्दाहरू तथा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका विषयहरूलाई लिएर प्रदेशका मुख्यमन्त्रीलाई ज्ञापन पत्र बुझाउने लगायत महत्वपूर्ण निर्णय गरेको छ । भेलाअघि नेकपा (क्रान्तिकारी माओवादी) १ नं. प्रदेशको प्रचार विभागको आयोजनामा दुई दिने पत्रकारितासम्बन्धी तालिमको आयोजना गरिएको थियो ।

# अखिल नेपाल क्रान्तिकारी होटल तथा रेष्टुराँ मजदुर संघद्वारा संघर्षको चेतावनी

काठमाडौं । अखिल नेपाल क्रान्तिकारी होटल तथा रेष्टुराँ मजदुर संघले आफूलगायत अन्य मजदुर संघसंगठनहरूसँग गरिएका सहमति र संझौताहरू कार्यान्वयन नगरिए देशव्यापी संघर्षको आँधीबेहरी सिर्जना गर्ने चेतावनी दिएको छ । यो चतावनी अखिल नेपाल क्रान्तिकारी होटल तथा रेष्टुराँ मजदुर संघका संयोजक बद्री चापागाईंद्वारा प्रेसित एक विज्ञप्तिमा दिइएको हो । विज्ञप्तिमा 'वर्षौंदेखि होटल मजदुरहरूले उपयोग गर्दै आइरहेको दश प्रतिशत सेवाशुल्क रेष्टुरेन्ट तथा वार सञ्चालकहरूको संगठन रेबानले कटौती गरी यस क्षेत्रमा कार्यरत श्रमिकहरूको तलब ज्याला तथा सेवाशुल्कसम्बन्धी अधिकारहरूको एकपक्षीय ढंगले निर्णय सार्वजनिक' गरेकोप्रति घोर आपत्ति प्रकट गरेको छ ।

संघले 'विगतमा होटल तथा रेष्टुरेन्ट क्षेत्रका मजदुरहरूले यसका लागि गरेका संघर्ष तथा श्रमिक व्यवसायीका बीचमा भएका सहमति एवम् संझौताहरूको कार्यान्वयन' गर्न जोडदार माग पनि गरेको छ । विज्ञप्तिमा सहमति तथा संझौताहरूका साथै श्रम ऐन २०७४ मा राखिएका प्रावधानहरूलाई रेबानको निर्णयले ठाडो चुनौती दिएको भनी यसको भर्त्सना पनि गरिएको छ । यदि यसमाथि पुनर्विचार नगरिए मजदुरहरूको हक, हित र जीविकाका कुराहरू उठाएर संघर्षमा जाने भनी निर्णय गरिएको पनि विज्ञप्तिमा जनाइएको छ ।

विज्ञप्तिमा दश प्रतिशत सेवा शुल्क नलिने गरी सत्तापक्षीय तथा सरकारी ट्रेडयुनियनहरूसँग गरिएका सहमति र संझौताहरूको यथाशिघ्र खारेजीको माग पनि गरिएको छ । सत्ताधारी पार्टीका ट्रेड युनियनहरू र रेबानबीच भएरगरिएका माजदुरमारा संझौता र सहमतिहरू अबिलम्ब खारेजीको माग पनि गरिएको छ ।

विज्ञप्तिको अन्त्यमा, मजदुरहरूले आर्थिक लगायतका कुनै पनि मागहरू राख्न नपाउने, कथित ट्रेड युनियनमार्फत् मात्र आफ्ना धारणा राख्न पाउने भनी हान र ट्रेड युनियनबीच भएको अवैधानिक संझौता खारेज गरी अर्थवाद, ट्रेडयुनियनवाद, दलाल तथा नोकरशाही, आईएलओवादीहरूसँग लड्दै मजदुरहरूको हक हितको रक्षाका लागि देशभरका मजदुरहरू एक भई संघर्षमा साथ दिन अपिल पनि गरिएको छ ।

## मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल बाग्लुङको सम्मेलन सम्पन्न

बाग्लुङ । नेकपा (क्रान्तिकारी माओवादी) निकट मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल बाग्लुङको सम्मेलन सम्पन्न भएको छ । सम्मेलनले अध्यक्षमा चन्द्रबहादुर सेरबुजा मगर, उपाध्यक्षमा गोविन्द कालामगर, कुमारी पुन, सचिवमा भूमिराज पुन, सहसचिवमा वीर बहादुर रोक्का र सदस्यहरूमा थमन बहादुर थापा, गोकूल प्रसाद अर्गेजा, किरण पुन, सन्तु कु. घर्तिमगर, कुमार थापा, धुर्ब प्रसाद पुन, कुजीर अर्गेजा, इन्द्र ब. पुन, गुञ्जमान घर्तिमगर, हुमीन थापालगायतलाई निर्वाचित गरेको छ भने कमिटिको सल्लाहकारमा तेजकुमारी थापा र धन ब. अर्गेजालाई चयन गरेको छ ।

## देजमो बाँकेको सम्मेलन भव्यतापूर्वक सम्पन्न

नेपालगञ्ज । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल बाँकेको प्रथम जिल्ला सम्मेलन भव्यतापूर्वक सम्पन्न भएको छ । 'संघीय जनगणतन्त्र स्थापनार्थ देजमो, नेपालको अभियान, राष्ट्रियता, जनतन्त्र र जनजीवीकाको पक्षमा बाँके जिल्ला प्रथम सम्मेलन' भन्ने मूल नाराका साथ माघ २३ गते भव्यतापूर्वक सम्पन्न भएको हो । सम्मेलनको उद्घाटन मोर्चाका केन्द्रीय सचिवालय सदस्य तथा प्रदेश नं. ५ का संयोजक के.बी. गुरुङले गरेका थिए ।

बाँकेको नेपालगञ्ज स्थित होटेल पीस प्लाजामा मोर्चाको सम्मेलनको उद्घाटन गरिएको हो । सम्मेलनमा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा बर्दिया र बाँकेका इन्चार्ज संकुल शर्माको विशेष आतिथ्यता रहेको थियो भने सम्मेलनमा क्रान्तिकारी माओवादी बाँकेका सेक्रेटरी अर्जुन, पार्टी निकटका विभिन्न मोर्चा र संगठनका प्रमुखहरू लगायतको समेत आतिथ्यता रहेको मोर्चाले जनाएको छ । सम्मेलनमा भाग गाउँ गाउँबाट प्रतिनिधि, प्रवेक्षकहरूको सहभागिता रहेको थियो । सम्मेलनले मोर्चाका केन्द्रीय सदस्य समेत रहेका सुरेश वलीलाई अध्यक्षमा, उपाध्यक्षमा उदयराम खत्री, सचिवमा ढाल बहादुर सिजाली रानामगर, सहसचिवमा महेश खटिक, कोषाध्यक्षमा इन्द्रपाल यादव सहित १७ सदस्यीय जिल्ला समिति चयन गरेको छ ।






प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : सचिरनन्द महर्जन, फोटो: जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।